# परिच्छेद एक : परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

कुनै पनि देशको आर्थिक सामाजिक तथा राजनैतिक जस्ता सम्पूर्ण पक्षको विकासका लागि शिक्षा महत्वपूर्ण साधन हो । शिक्षाले समाजमा चेतना वृद्धि गरी नागरिकलाई सक्षम, उत्पादनशील, लगनशील बनाउन सहयोग गर्दछ । सवै पक्षमा देखापरेका नकरात्मक पक्षलाई सकरात्मकतर्फ उन्मुख गराउने माध्यम शिक्षा भएकाले यसलाई व्यवस्थित गुणयुक्त बनाउन लगानी गरिनु पर्दछ ।

कुनै कार्य निरन्तर रुपमा सञ्चालन गर्न निरन्तर रुपमा वितीय व्यवस्थापन चुस्त राख्नु पर्दछ । एउटा विद्यालय सञ्चालनको क्रममा मानवीय तथा भौतिक स्रोतसाधनको आवस्यकता पर्दछ । ती स्रोतसाधन जुटाउनु भनेको लगानी गर्नु हो । विद्यालयको आफ्नै उद्देश्य र लक्ष्य हुने गर्दछ । ती उद्देश्य पुरागर्नका लागि वित्तीय स्रोतको व्यवस्थापन श्रोत पहिचान संकलन प्राथमिककरण, वैज्ञानिक तवरको बाँडफाँड पारदर्शि अभिलेखिकरण अनुगमन मूल्याङ्कन र पृष्ठपोषण जस्ता कार्यहरु गरिनु पर्दछ ।

शिक्षाको इतिहासलाई नियाल्दा धार्मिक पृष्ठभूमिबाट हुर्कदै घर, मठ-मन्दीर चर्चबाट शुरु भई शिक्षालयको रुपमा विकास भएको पाइन्छ । यसो गर्नका लागि मूख्य भूमिका समाजको नै रहेको पाइन्छ । विश्वव्यापी मानव अधिकार सम्बन्धी घोषणा पत्र सन् १९४८ मा शिक्षालाई मौलिक अधिकारको रुपमा घोषणा गर्दै आधारभूत शिक्षालाई अनिवार्य र निशुल्क हुनुपर्ने किटानगरिएको छ । हाम्रो देशको शैक्षिक इतिहास अनुसार गुरुकुल पद्धतिमा विद्यार्थी स्वयंले शिक्षामा खर्च चुक्ता गर्नुपर्ने भएतापनि शैक्षिक लगानीको प्रमुख आय स्रोतको रुपमा दान गरेको सित प्रमुख आयस्रोत हुन्थ्यो । (खनाल,२०६१) मा जारी भएको शिक्षामा लगानीले विद्यार्थीको पढाइ शुल्क तोकिएको साथै एउटा निश्चित आधारमा विद्यालयलाई सरकारी, सहयोग उपलब्ध गराउने आधार तय गरी सरकारले विद्यलायलाई सहुलियत प्रदान गर्न एउटा संयन्त्र बनाइ सोही अनुसार विद्यालयलाई एकमुष्ट आर्थिक सहयोग गर्ने परिपाटीको थालनी गरी देशको शिक्षाको गुणस्तरमा सुधार आउने, विद्यालय सञ्चालन व्यवस्थापन र नियन्त्रणको जिम्मेवारी बहन हुने अपेक्षा राखी व्यवस्थापन हस्तान्तरणको कार्यक्रम अगाडि बढाएको पाइन्छ । विद्यालय सुधार योजनाको आधारमा

अनुदान दिनु विद्यार्थी संख्याको आधारमा अनुदान दिन हुन्छ । प्रति विद्यार्थी लगानीको आधारमा विद्यालयले प्राप्त गरेको अनुदानबाट र आफ्नो निजीश्रोतहरु मिलाएर थप शिक्षक राख्नका लागि वातावरण अनुकुल भएको हुनाले विद्यार्थी भर्ना अनुपात बढ्न जानेछ भने अर्को तर्फ शिक्षाको गुणस्तर सुधारमा थप सहयोग मिल्न जाने देखिन्छ ।

निजि क्षेत्रबाट विद्यालय सञ्चालन गर्ने कार्य वि.सं. २०३६ बाट सुरुबाट भएको पाइन्छ । वि.सं. २०३७ सालमा विद्यालय शिक्षा ऐन २०२८ संसोधन भएपछि निजि विद्यालयहरु खोल्ने क्रम सुरुभयो । यसरी एकातर्फ निजि विद्यालयको गुणस्तरमा कमि भए पनि अंग्रेजी माध्यमलाई अपनाउनेको संख्या अत्याधिक रहयो । अहिले पनि सरकारी विद्यालयको अवस्थालाई हेर्दा निजि विद्यालयको तुलनामा केही कम देखिन्छ । समुदायमा हस्तान्तरण गरेपछि पनि जुन-जुन सामुदायिक विद्यालयले तल्लो कक्षामा अंग्रेजी माध्यम सुरु गरेका छन् ती विद्यालयमा विद्यार्थी संख्या बढी नै रहेको पाइन्छ भने अंग्रेजी माध्यमबाट सञ्चालन नगर्ने विद्यालयको हकमा विद्यार्थी संख्या न्यून नै रहेको पाउनुको कारण अभिभावकहरु प्रति अंग्रेजी भाषा प्रति मोह बढ्नु नै हो भन्न सकिन्छ ।

समुदायमा सञ्चालीत विद्यालयहरु चाहे संस्थागत होस वा सार्वजनिक होस् दुवैको सञ्चालनार्थ व्यवस्थापनको जिम्मा समुदायलाई हस्तान्तरण गर्दैमा शैक्षिक गुणस्तर सुध्रन्छ भन्ने होइन । व्यवस्थापनलाई सक्षम बनाउन सकेमा शिक्षामा आवश्यक पर्ने लगानीको संकलन ती लगानीको समुचित वितरण र परिचालन हुन जान्छ । यसर्थ सामुदायिक माध्यमिक विद्यालयलाई आवश्यक पर्ने आर्थिक स्रोतहरुको पहिचान कसरी गर्ने? वितीय श्रोत जुटाउनका लागी विद्यार्थी तथा अभिभावकले तथा शिक्षक अभिभावक संघले भोग्नु परेका समस्याहरु के के छन् ? आदिकुराहरुको बारेमा अध्ययन अनुसन्धान गर्नु समसामयिक देखिन्छ । तसर्थ सामुदायिक माध्यमिक विद्यालयको वित्तीय व्यवस्थापन सम्बन्धमा शोधपत्र तयार गरिएको छ ।

### १.२ समस्याको कथन

विद्यालयमा व्यवस्थापन प्रभावकारी र समुदायको विश्वास जित्ने हुनुपर्छ । व्यवस्थापन नै संगठनको मूल आधार हो । संगठनको लक्षित उद्देश्य पूरा गर्नका लागि स्रोतहरुको पहिचान र प्रभावकारी बाँडफँडका लागि व्यवस्थापकीय पक्ष चुस्त दुरुस्त हुनु

आवश्यक छ । शैक्षिक लगानिबाट प्राप्त हुने प्रतिफल आउन समय लाग्दछ । सरकारी लगानी विगतको तुलनामा वढाइएको छ । लगानीको तुलनामा शैक्षिक गुणस्तर सन्तोषप्रद देखिदैन ।

वास्तवमा विद्यालय समुदायका लागि खोलिन्छ । समुदायको सहभागिता बढाउन सके विद्यालयलाई गुणस्तरीय बनाउन सकिने विश्वासले व्यवस्थापनको जिम्मा समुदायमा हस्तान्तरण गर्ने काम भएको छ । समुदायमा व्यवस्थान हस्तान्तरण गर्ने काम भएको छ ।

खनिया (२००७, नारायणी, केसी, २०६५ बाट उद्दृत) का अनुसार नेपालको सन्दर्भमा शिक्षामा गुणस्तर विकासका लागि विगतको दुई दशकमा आन्तरिक र वाह्य स्रोतको परिचालन गरि शिक्षामा लगानी गरेको छ । यसरी शिक्षामा प्रसस्त रकम लगानी भएता पनि विद्यार्थीले अरु गरे अनुसार सिकाइ गर्न सिकेका अवस्था देखिन्छ । सार्वजनिक विद्यालयमा भएको कक्षा कोठाको विद्यार्थी चाप शिक्षकहरुको वर्गीकरण जस्तै स्थायी निजि करार राहत अस्थायी पि.सी.एफ. कोटा जस्ता कुराले मतभिन्नता हुने गर्दछ । पर्याप्त शैक्षिक मतभिन्नता हुने गर्छ । पर्याप्त शैक्षिक सामाग्रीको अभाव पेशाप्रति प्रतिवद्धताको कमी राजनीतिक उथुलपुथुलको प्रभाव जस्ता कारणहरुबाट सामुदायिक विद्यालयको शैक्षिक उपलब्धि सन्तोषजनक नभएको देखिन्छ । शिक्षामा अभिभावकले थप लगानी गर्ने समुदायको पहुँचमा भएको विद्यालयमा बालबालिका लाई पढाउन छाड्न निजि क्षेत्रद्वारा  सञ्चालित विद्यालयमा पठाउन थाल्नु विभिन्न प्रकारका संस्थागत विद्यालयहरु खोल्न थालिएको छ ।

शिक्षा विभाग कार्यक्रम तथा बजेट शाखाको अनुसार सामुदायिक विद्यालयहरुमा शिक्षक तलब खर्च छात्रवृत्ति निशुल्क पाठ्यपुस्तक भौतिक सुधार योजना जस्ता शीर्षकहरुमा सरकारले वार्षिक रुपमा लगानी गरेको छ । सामुदायिक विदालयमा गरिने लगानी निश्चित नियम र प्रक्रिया का आधारमा हुने गर्छ । ती सम्पूर्ण प्रकारको वित्तीय लगानीको लेखाजोखा नियन्त्रण अनुगमन मूल्याङ्कनको लेखा लागि विद्यालय तह देखि जिल्ला केन्द्र तह सम्म संयन्त्र निर्माण गरिएको पाइन्छ ।

सामुदायिक विद्यालयमा सरकारी लगानीका वावजुद पनि शैक्षिक प्रतिफलका रुपमा एस.एल्सी. उतीर्ण प्रतिशत न्यून रहेको पाईन्छ निजि तथा संस्थागत विद्यालयहरुको भन्दा कम रहेको छ ।

वर्तमान परिप्रक्षमा संस्थागत विद्यालयहरु प्रशस्त्र मात्रामा खुल्दै गएको पाईन्छ । केही निजि विद्यालयहरु भौतिक पूर्वाधार नै तयार नगरी खोलिएको पनि छ । समुदायमा हस्तान्तरीत विद्यालयलाई सरकारले सहयोगका लागि प्राथमिकतामा राखेता पनि आवश्यक सहयोग उपलब्ध गराउन सकिरहेको छैन । स्थानीय स्रोतबाट आर्थिक स्रोत जुटाउने स्पष्ट निति भएको पाइदैन । सामुदायिक विद्यालयमा पढने विद्यार्थीहरु निम्न वर्ग तथा मध्यम वर्गको अभिभावकको छोराछोरी रहेको पाइन्छ । शिक्षक दरवन्दीपनि सरकारले आवश्यकता अनुसार वितरण गर्न सकेको छैन । अभिभावकसँग सिधै भर्ना शुल्क तथा मासिक शुल्क उठाउन बन्देज गरिएको छ । आधारभूत तह सम्मको शिक्षा निशुल्क भन्ने राज्यको नितिले अप्ठ्यारो महसुस गरिएको छ । यही समस्याहरु मनन् गरी माध्यमिक विद्यालयहरुलाई आवश्यक पर्ने थप आर्थिक स्रोत कहाँबाट जुटाउन सकिन्छ ? भइरहेको स्रेत कहाँबाट आइरहेको छ? श्रोत परिचालनमा वास्तविक के छ ? आर्थिक । श्रोतको परिचालनलाई प्रभावकारी बनाउन के के गर्न सकिन्छ ? जस्ता विषयको सरोकारमा यो अध्ययन केन्द्रित रहेको छ ।

## १.३ अध्ययनको औचित्य

सम्पूर्ण मानवजीवनलाई सार्थक बनाउने समाजलाई सार्थक उन्नतशील बनाउन सवै प्रकारको मानवीय स्रोत उत्पादनको एक मात्र उपाय भनेको शिक्षा हो । शिक्षाकै माध्यमले राष्ट्रिय र अन्तराष्ट्रिय मञ्चमा स्थापित गराउन सकिन्छ ।

गुणस्तरीय शिक्षा प्रदान गरी असल नागरिक उत्पादन गर्ने महत्वपूर्ण दायित्व शिक्षा क्षेत्रमा लाग्ने शिक्षक तथा कर्मचारीको पर्दछ । शिक्षाको निति निर्माणमा राज्यको दायित्व पनि उतिनै मात्रामा रहन्छ । यही कुरालाई अध्ययन गर्दै राज्यले आधारभूत तहसम्मको शिक्षा अनिवार्य वनाएर लगानी गर्ने गरेको पाइन्छ । कार्यक्रम र नितिहरु जति सुकै राम्रा भएपनि कार्यान्वयन तहमा सुधार नआएसम्म गुणस्तरमा सुधार आउन सक्दैन । शिक्षासँग चर्चा राख्ने सम्पूर्ण पक्षको यस सम्वन्धमा केही हदसम्म मार्ग निर्देशनको सल्लाह सुझवको रुपमा भूमिका खेल्न सक्ने औचित्य राखिएको छ ।

सामुदायिक माध्यमिक विद्यालयहरुका वितीय अवस्थाको सम्वन्धमा रहेका यथार्थलाई उजागर गर्नका लागि यस अध्ययनले सहयोग गर्ने छ । यस अध्ययनले अध्ययनकर्ताको

आवश्यकता पूरा गर्नुको साथ साथै निति निर्माण तह र विद्यालयसँग प्रत्यक्ष चासो राख्नेहरु सवैलाई सघाउ पुऱ्याउने् छ ।

### १.४ अध्ययनको उद्देश्य

यस अध्ययनका उद्देश्यहरु निम्नानुसार छन् :

क) विद्यालयहरुको आर्थिक स्रोतको पहिचान गर्ने,

ख) आर्थिक स्रोत परिचालन गर्ने प्रकृयाको विश्लेषण गर्ने,

ग) विद्यालयको वित्तीय व्यवस्थापनको लेखाजोखा गर्ने,

घ) विद्यालयको आर्थिक व्यवस्थापनमा देखिएका समस्याहरु पहिचान गर्ने,

ङ) वित्तीय व्यवस्थापनलाई चुस्त बनाउने उपायहरु ।

### १.५ अनुसन्धानात्मक प्रश्न

निर्धारित उद्देश्य तथा समग्र अध्ययनलाई प्रतिनिधित्व गर्न निम्नानुसारका अनुसन्धानात्मक प्रश्न निर्माण गरी यी प्रश्नहरुका सेरोफेरोमा रही अध्ययन कार्यलाई अगाडि बढाइने छ :

क) सामुदायिक माध्यमिक विद्यालयको आर्थिक व्यवस्थापनको वर्तमान अवस्था कस्तो छ?

ख) सामुदायिक माध्यमिक विद्यालयको आर्थिक व्यवस्थापनमा के कस्ता समस्याहरु रहेका छन् ?

ग) सामुदायिक माध्यमिक विद्यालयको आर्थिक व्यवस्थापनमा देखिएका समस्याहरु कसरी समाधान गर्न सकिन्छ ?

घ) विद्यालयको आर्थिक स्रोत कसरी परिचालन भइरहेको छ ?

### १.६ अध्ययनको परिसीमा

प्रस्तुत अध्ययन मोरङ जिल्लाका १६ वटा स्रोतकेन्द्रहरु मध्ये जनता उ.मा.वि. बाहुनी श्रोतकेन्द्र अन्तरगतका ३ वटा सामुदायिक विद्यालयमा मात्र केन्द्रित रहेको छ । अध्ययनको जनसंख्याको रुपमा सम्बन्धित विद्यालयका प्रधानाध्यापक, शिक्षक, वि.व्य.स.का पदाधिकारी,

शि. अभिभावक संघका पदाधिकारी र स्रोत व्यक्तीमात्र रहेका छन् । विद्यालयको वित्तीय व्यवस्थापन अन्तरगत विद्यालयको आर्थिक स्रोत संकलन र परिचालनमा मात्र केन्द्रित गरिएको छ । प्रस्तुत अध्ययन परिमाणात्मक र गुणात्मक दुवै ढाँचामा आधारित भएतापनि मुलत गुणात्मक ढाँचालाई प्राथमिकता दिइने हुँदा यसबाट प्राप्त निस्कर्ष निर्णयात्मक भन्दा पनि सुचनात्मक रहन्छ तथापी यस अध्ययनको निस्कर्षलाई विद्यालयको व्यवस्थापन सम्बन्धमा मार्ग दर्शकको रुपमा लिन सकिने छ ।

## १.७ संक्षिप्त शब्दावली

माध्यमिक तह : कक्षा (९- १० ) लाई माध्यमिक तह मानिएको छ ।

सामुदायिक विद्यालय : सरकारी अनुदानबाट सञ्चालित विद्यालयलाई सामुदायिक विद्यालय भनिन्छ ।

प्रति एकाइ लागत : एक शैक्षिक सत्र अवधिमा विद्यालय र अभिभावकले गरेको कुल खर्चको आधारमा प्रति विद्यार्थीलाई लाग्ने खर्च नै प्रति एकाई लागत हो ।

## परिच्छेद दुई : सम्वन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका

साहित्य समिक्षाले अनुसन्धानको शैद्धान्तिक धरातल सृजना गर्दछ। कुनै पनि सैद्धान्तिक दृष्टिकोणबाट अवस्थाको खोजि गरिदैछ त्यसको व्यवस्था, औचित्य र सान्दरभिकता, ती सिद्धान्तको पूर्ण प्रयोग आदिको वारेमा साहित्य समीक्षाले अनुसन्धानलाई आधार विन्दु सृजना गर्दछ। यसले गरिन लागेको अनुसन्धानको आवश्यकता र महत्वलाई पनि उजागर गर्दछ (उप्रेति, २०६६:३२) प्रस्तुत अध्ययनसँग सम्वन्धित पूर्व साहित्यहरुको अभाव रहेता पनि यस परिच्छेदमा अध्ययनसँग सम्बन्धित लेख रचना तथा अनुसन्धानसँग सम्वन्धित तथ्यहरुको वारेमा अध्ययनको उद्देश्यको आधारमा समीक्षा गरिएको छ।

थापा (२०५५) ले गरेको अध्ययन अनुसार शिक्षामा गरिएको खर्चबाट उपेक्षित उपलब्धी प्राप्त भएको पाइदैन । त्यसैले लगानी र त्यसबाट प्राप्त हुने प्रतिफलको लेखाजोखा गरी निश्चित उद्देश्य बोकी, अवधि तोकी लगानी गर्ने प्रकृतिको विकास गर्नु आवश्यक भएको छ। यसकोलागि बढी प्रतिफल दिने ठाउँमा लगानी गर्नु आवश्यक छ। उक्त अध्ययनको अनुसार नेपालमा निति नियम ठीक छ तर वास्तविक लक्ष्य प्राप्तिको प्रतिवद्धताको कमि छ। एकतर्फ प्रति विद्यार्थी लगानी वढेको देखिन्छ भने अर्को तर्फ उक्त लगानीको उच्च सदुपयोग नभइ आसा गरे अनुसार सफलता प्राप्त हुन सकेको छैन। यस अवस्थामा स्पष्ट लक्ष्य दिने, आवश्यक प्रतिवद्धताका साथ सहि र आवश्यक लगानी गर्ने, लगानीको पारदर्शिता र प्रभावकारी अनुगमन गर्ने साथै सरोकारवालालाई व्यवस्थापन कार्यमा प्रत्यक्ष सहभागी गराउने जस्ता कार्य गरेमा नेपालको शैक्षिक लगानीबाट अपेक्षा गरे अनुसार प्रतिफल प्राप्त हुने देखिन्छ (थापा, २०५५)।

कार्की (२००२) को कुरा छत्र (२०६७) ले उल्लेख गरे अनुसार ओखल्ढुङ्गा जिल्लाका २ वटा सामुदायिक माध्यमिक विद्यालयको वित्तीय अवस्था र यसको आर्थिक प्रभाव वारे अध्ययन गरेका छन्। उनको प्राथमिक तथ्याङ्कमा आधारित तुलनात्मक अध्ययनमा अध्ययन क्षेत्रका ७५ वटा घर परिवार र २ वटा माध्यमिक विद्यालयबाट संकलित तथ्याङ्कलाई तालिकीकरण र वर्गीकरण गरी तथ्याङ्कको प्रस्तुतीकरण गरिएको छ। अध्ययनबाट अध्ययन क्षेत्रका घर परिवार मध्ये ६.७% को रु. १०,००० भन्दा २६.७% को १०,००० -३०,००० सम्म २०% को ३०,००० देखि ५०,००० सम्म र ४६.६% को ५०,००० भन्दा बढी आम्दानी रहेको देखाइएको छ भनि उल्लेख छ। १० वर्ष अघि अभिभावकहरुले आफ्ना

बालबालिकाहरुको लागि ५३% लगानी गरेको अध्ययनको समयमा ६५.३३% लगानी गरेको देखाइएको कुरा उल्लेख छ । त्यसर्थ सरकार तथा अभिभावक दुर्वल पक्षले शैक्षिक क्षेत्रमा खर्च बढाउनु पर्ने माध्यमिक तह देखि नै प्राविधिक तथा व्यावसायिक शिक्षामा जोड दिनु पर्ने र यसका लागि पाठ्यक्रम समेत परिवर्तन गर्नु पर्ने, विद्यार्थी शिक्षक अनुपात सुधार गर्ने विषयगत रुपमा सहकारले शिक्षक दरवन्दीको व्यवस्था गर्नु पर्ने र छात्रवृत्तिको दर र कोठामा वृद्धि ल्याउनु पर्ने जस्ता सुझाव यस अध्ययले पेश गरेको छ (कार्की, २००२) ।

विद्यालयको विकासमा अभिभावकको लगानी ज्यादै महत्वपूर्ण हुन्छ । सरकारी अनुदानमा मात्र भरपर्दा विद्यालय विकास राम्ररी हुदैन साथै अपनत्व पनि कम हुने हुँदा जति सक्दो सेवा क्षेत्रका अभिभावकहरुलाई परिचालन गरी आर्थिक, भौतिक तथा नैतिक सहयोग विद्यालयले लिन सक्नु पर्दछ । यहि कुरालाई प्रष्ट गर्न विद्यालयमा हुने खर्च तथा सम्भावित आयका स्रोतहरुलाई उल्लेख गर्न अर्को लेखको समिक्षा गरिएको छ ।

नेपाल (२०६४) का अनुसारका अनुसार शिक्षामा लगानिका क्षेत्र भन्नाले शिक्षक तलव भत्ता र अन्य सुविधा, विद्यालय भवन, शैक्षिक सामग्री र औजार उपकरणहरु, विद्यार्थीलाई खाजा र खाना, छात्रावास वा विद्यार्थीहरुलाई घर र विद्यालय सम्म ल्याउने यातायात सुविधा शैक्षिक सामग्री खाने पानी साथै विद्यालयको प्रशासनिक खर्च बुझ्नु पर्दछ । यी खर्चहरु गर्न स्रोतको रुपमा अभिभावक केन्द्रीय सरकार, स्थानीय सरकार, समुदाय, दातृ निकाय, नागरिक समाज तथा गैरसरकारी क्षेत्र, निजि क्षेत्र र विद्यार्थी स्वयबाट हुने आयलाई लिन सकिन्छ (नेपाल, २०६४) ।

सिग्देल (२००५) का अनुसार शिक्षामा वितीय लगानीको मूख्य समस्या स्रोतको अभाव, प्राप्त स्रोतको पारदर्शी एवं समान रुपमा वितरणको अभाव, कमजोर व्यवस्थापनको कारण श्रोतको सदुपयोगमा कमि, योजना र वजेट निर्माण कार्यमा शैक्षिक सूचना प्रणालीलाई प्राभावकारी रुपमा उपयोग नगर्नु, निति, योजना र कार्यक्रम वीचमा कमजोर तालमेल, उचित मूल्याङ्कन र संभाव्यता अध्ययनको अभाव, आपूर्ति पक्ष वजेट व्यवस्था, कमजोर आर्थिक अनुसासन आदि रहेका छन् (सिग्देल, २००५, नारायणी, केसी, २०६५ बाट उद्धृत) ।

सेरिड (२००४) को अध्ययन प्रतिवेदनमा समुदाय हस्तान्तरण भएपछि पनि सामुदायिक विद्यालयहरुको मुख्य स्रोतको रुपमा सरकारी अनुदान नै रहेको कुरा उल्लेख गरिएको छ। अझ पनि सामुदायिक विद्यालयहरु आफ्ना नियमित साथै विकास कार्यहरु गर्न परम्परागत स्रोतको रुपमा सरकारी अनुदान नै रहेको कुरा उल्लेख गरिएको छ। विद्यालयहरुले कुनै पनि कार्यक्रमका लागि संघसंस्थाहरु, स्थानीय निकाय र व्यक्तिगत रुपमा आवश्यक र निरन्तर आर्थिक सहयोग प्राप्त गर्न सकेका छैनन्। स्थानीय निकाय र संघ संस्थाहरुले सामुदायिक विद्यालयलाई सहयोग गरे तापनि यस्तो सहयोग उनीहरुको भावना र इच्छामा भर पर्ने गर्दछ। यस्ता संघ संस्था र विशेष गरी स्थानीय निकायहरुले विद्यालयलाई सहयोग गर्नु पर्ने कुनै शैक्षिक निति नभएकोले उनीहरु आफ्नो इच्छा अनुसार सहयोग गर्दछन्। वास्तवमा भन्ने हो भने सामुदायिक विद्यालयहरुलाई स्थानीय निकायबाट कसरी स्रोत प्राप्त गर्ने भन्ने कुराको ज्ञान नै नभएको कुरा उल्लेख गरिएको छ। यसबाट विद्यालयहरुको व्यवस्थापन समुदायले जिम्मा लिइसकेपछि पनि विद्यालयहरु सरकारी स्रोतमा नै निर्भर रहेको देखिन्छ (सेरिड,२००४)।

लम्साल (२०६६) का अनुसार नेपालमा विद्यालय प्रणालीलाई विद्यालयमा आधारित विद्यार्थी संख्या, कक्षामा भएको सेक्सन संख्या र विद्यार्थी संख्याका आधारमा शिक्षक वितरण गरिने व्यावस्था शिक्षा ऐन तथा नियमावलीमा गरिएको भएतापनि त्यसलाई कार्यान्वयन गर्न सजिलो छैन। कम विद्यार्थी भएका स्थानमा बढी भएका शिक्षकहरु बढी विद्यार्थी भएका स्थानमा सार्न वा लैजान सकिएको छैन। विभिन्न स्थान र आर्थिक अवस्थामा रहेका विद्यालयका आवश्यकता सम्बोधन गर्न सकारात्मक विभेदको नितिबाट अनुदान प्रदान गर्न सकिएको छैन। विद्यालयलाई दिइने आर्थिक अनुदानलाई विद्यार्थीको अवस्थासँग सम्बन्धित गर्न सकिएको छैन। यसैगरी राज्यसँग प्रर्याप्त आर्थिक स्रोतको उपलब्धता छैन विकेन्द्रीकरणको अवधारणालाई आत्मसाथ गरेर अगाडि बढ्ने प्रयत्न गरे तापनि आर्थिक पक्षसँग हुने क्रियाकलापको जिम्मेवारीलाई विकेन्द्रीत गर्न अझै सकिएको छैन। स्थानीय निकायबाट विद्यालयलाई सहयोग गरिएको भएतापनि यो बाध्यकारी नभएर स्वेच्छिक जस्तै छ। स्थानीय निकायबाट वस्तुगत आधार एवम् दीर्घकालिन सोचको आधारमा भन्दा पनि तत्कालिन आवश्यकता र विषयगत निर्णयको आधारमा आर्थिक सहयोग उपलब्ध हुने गरेको छ ( लम्साल, २०६६)।

## २.२ अध्ययनको शैद्धान्तिक खाका

शोध कार्यलाई निस्कर्षमा पुऱ्याउन स्वीकृत सिद्धान्तको आधार लिनु पर्ने हुन्छ। सिद्धान्तमा आधारित तथ्यहरुमात्र विश्वासीलो र यथार्थ हुन जान्छ। आर्थिक स्रोतको उपलब्धता, त्यसको बाँडफँड र परिचालनको व्यवस्थापनमा देखापरेका समस्याहरुको वारेमा अध्ययन गर्न सिद्धान्तलाई प्रयोग गरिएको छ।

सरकारी खर्च सिद्धान्तका प्रतिपादक फिण्डले सिराज (१९३०) का अनुसार राज्य सञ्चालनको लागि सरकारले विभिन्न किसिमबाट संकलन गरेको वित्तीय श्रोतको व्यवस्थित तवरले परिचालन गर्नुपर्ने हुन्छ। सरकारले निर्धारीत उद्देश्य पूरा गर्नका लागि कुनै पनि क्षेत्रमा गरिने खर्चलाई पारदर्शि एवं व्यवस्थित तवरले परिचालन गर्ने सिद्धान्तलाई सरकारी खर्चको सिद्धन्त भनिन्छ। सरकारले संकलन गरेको श्रोतलाई लक्षित क्षेत्र एवं वर्गसम्म पुऱ्याउन लाभको सिद्धान्त मितव्ययिताको सिद्धान्त, वचतको सिद्धान्त र समताको सिद्धान्तको अवधारणालाई अवलम्वन गर्नुपर्ने कुरामा उनले जोड दिएका छन्। प्रस्तुत अध्ययनमा सिराजका सरकारी खर्चको सिद्धान्त अन्तरगत मितव्ययिता, अनुमोदन र समताको सिद्धानत अवलम्वन गरिएको छ। यो सिद्धान्तको अवधारणा-मितव्ययिताको सिद्धान्त अनुसार विभिन्न विसिमले संकलित वित्तिय श्रोतलाई न्यूनतम लागतमा अधिक्तम फाइदा हुने तवरले खर्च गर्नुपर्छ। यसैगरी कार्यक्रमको प्राथमिकता निर्धारण गरी श्रोतको उचित वाँडफाँड गर्दा चालु खर्च लाई सक्दो घटाउने प्रयास गर्नु पर्ने हुन्छ। अनुमोदनको सिद्धान्त अनुसार अनुसार सार्वजनिक निकायमा गरिने खर्चको टिकाटिप्पणी र रेखदेख गर्ने अधिकार र उत्तरदायित्व सरोकारवाला निकाय र व्यक्तिको हुने गर्दछ। जसले गर्दा स्रोतको दुरुपयोग हुने सम्भावना कम हुन्छ। यसरी सम्बन्धीत क्षेत्रबाट गरिएको श्रोतको प्रभावकारीता एवं नियमपूर्वक खर्च भयो वा भएन भन्ने जाच्नका लागि सार्वजनिक लेखा गरी अन्तिम लेखा परिक्षण गराउनुपर्ने हुन्छ। वचतको सिद्धान्तले वजेट निर्माण प्रक्रियालाई निर्देशित गरेको छ। क्षमताको सिद्धान्त अनुसार समाजमा आएको असमान वितरणले वर्गको निर्माण हुने गर्दछ। यहि कारण अधिकार राज्यको मूलधारमा समाहित हुन सकेको पाइदैन तसर्थ राज्यबाट प्राप्त गरिने न्यूनतम सुविधा प्राप्त गर्नबाट वञ्चित वर्ग जात जाती, क्षेत्र समुदायलाई विशेष सहुलियतका कार्यक्रम सञ्चालन गरि थप सुविधा दिनुपर्ने हुन्छ (सिराज १९३० वेल टोडरी १९७८ वाट उदृत )।

काफ्ले (२०६२) का अनुसार वैज्ञानिक व्यवस्थापन सिद्धान्तले संस्थाको भौतिक आर्थिक र शैक्षिकपक्षलाई सुधार गर्दै संगठनको उद्देश्य हासिल गर्न सक्ने छ भन्ने तथ्यलाई प्रष्ट पारिएको पाइन्छ। विद्यालय पनि एक शैक्षिक संस्था हो। यसमा पनि आधुनिक व्यवस्थापन गर्दै जानु पर्ने देखिन्छ। व्यवस्थापन गर्न आर्थिक तत्व महत्वपूर्ण भएकोले सो तत्वको पहिचान संकलन र खर्च गर्ने प्रक्रिया तर्फ विद्यालयहरु अग्रसर हुनु पर्ने देखिन्छ। यस वैज्ञानिक व्यवस्थापनका सिद्धान्तकार F.W. Tailar ले महत्वपूर्ण ५ ओटा सिद्धान्तहरु प्रस्तुत गर्नु भएको पाइन्छ। यसै सिद्धान्तलाई थप टेवा पुऱ्याउन Frank and Lilion Gilbreth र Hanry L. Gantt ले अन्य सिद्धान्तहरु प्रस्तुत गर्नु भएको छ। कामदारको परम्परागत कार्यशैली परिवर्तन गरी वैज्ञानिकरण गर्नु पर्ने, कामदार छनौटमा वैज्ञानिकता अपनाउनु पर्ने र तालिम प्रदान गर्नु पर्ने, व्यवस्थापन र कामदार विच आत्मीय सम्बन्ध स्थापना गरी सान्जस्यपूर्ण कार्य सम्पादन गर्नु पर्ने, काम प्रति कामदारलाई अधिकतम उपलब्धि हासिल प्राप्त गर्न सकिने गरी परिचालन गर्नु पर्ने, व्यावस्थापन र कामदारको कार्यको परिभाषा र विभाजन गर्नु पर्ने, दोषारोपण गर्ने प्रवृत्ति रोक्नु पर्ने जस्ता महत्वपूर्ण तर्कहरु प्रस्तुत गरिएको छ। यसै सिद्धान्तका आधारमा रहेर हरेक सामुदायिक मा.वि.को स्थितिमा परिवर्तन गर्न वैज्ञानिकीकरण गर्नको लागि र उचित व्यवस्थापन गर्दै लैजान आर्थिक तत्व नै मुख्य हो भन्ने महशुष गरी सामुदायिक विद्यालयमा वित्तिय व्यवस्थापनको अध्ययन गर्नु सान्दर्भिक ठान्दछु।

वैज्ञानिक व्यवस्थापन सिद्धान्तको महत्वपूर्ण बुँदा भनेको सम्बन्धीत पक्षहरुलाई संस्थाको अधिकतम उपलब्धि हासिल गर्ने ढंगले परिचालन गर्नुपर्ने भन्ने कुरालाई विद्यालयसँग पनि जोड्नु सान्दर्भिक ठान्दछु। विद्यालयको भौतिक स्थितिमा सुधार गर्दै शैक्षिक वातावरण तयार पार्दै अधिकतम शैक्षिक उपलब्धि हासिल गर्दै, भौतिक र शैक्षिक स्तरको सुधार गर्न आर्थिक व्यवस्थापनलाई चुस्त दुरुस्त राख्दै विद्यालयहरु अगाडि बढी रहेका छन्/छैनन् भन्ने कुरा खोजी गर्न यस सिद्धान्तले सहयोग पुऱ्याएको ठान्दछु (काफ्ले २०६२, गणेशकुमार प्रसाई २०६६ बाट उद्धृत )

विद्यालयको उपलब्ध स्रोतलाई वैज्ञानिक तवरले परिचालन गरी थोरै लगानिबाट धेरै भन्दा धेरै प्रतिफल प्राप्त गर्नका लागि अवसर प्राप्त हुन जान्छ। विद्यालयमा उपलब्ध स्रोत र साधनकै प्रभावकारी बाँडफँड गरी न्यूनतम लागतमा उधिक्तम उपलब्धी प्राप्त गर्न, चालु

खर्च र पुजीगत खर्चमा के कति स्रोत विनियोजन गरिएको छ । आर्थिक कारोवारको लेखा व्यवस्था एवं अभिलेख व्यवस्था सम्वन्धमा हेर्न मितव्ययिताको सिद्धान्तलाई उपयोग गरिएको छ । विद्यालयको आर्थिक अवस्थाको वारेमा सामाजिक लेखापरिक्षण अन्तिम लेखा परिक्षणको वारेमा अनुमोदनको सिद्धान्तलाई प्रयोग गर्न खोजिएको छ । सम्पूर्ण विपन्न वर्ग, दलित, अपाङ्गलाई साथै अन्य पिछडिएका वर्ग समेतलाई सहुलियत सम्वन्धी कार्यक्रमको सञ्चालन भएका हुन्छन् । तसर्थ विद्यालय तहमा यस प्रकारको सहुलियत कार्यक्रममा कति रकम छुट्याइएको छ । त्यसमा समग्र विद्यलायको वजेटमा कति अंश ओगटेको छ भनि हेर्न समताको सिद्धान्तलाई उपयोग गरिएको छ ।

## २.३ शैक्षिक उपादेयता

सवै पक्षको विकासको मेरुदण्डको रुपमा रहेको शिक्षाको विकासमा व्यक्ति, समाज र राष्ट्रले ठूलो आर्थिक लगानी गर्नुपर्ने देखिन्छ । राम्रो व्यवस्थापन भएको मात्र यस क्षेत्रमा गरिएको लगानीबाट आसातित प्रतिफल पाउन सकिन्छ । सरोकारवालाको सक्रिय सहभागिता र समन्वयात्मक भूमिका रहनु पर्दछ । यसर्थ विद्यालयको व्यवस्थापन केन्द्रीय सरकारको मातहतमा नराखि स्थानीय स्तरमा जिम्मा दिइएको पाइन्छ ।

शैक्षिक गुणस्तर वृद्धि गर्न विभिन्न माध्यमबाट संकलन भएका वित्तीय स्रोत, वैदेशिक अनुदानलाई उचित वाँडफाँड साथै विद्यालयले वजेट निर्माण गरी शैक्षिक रुपले पछाडि परेका विभिन्न तह र तप्काका वर्ग र समुदायलाई उकास्न तथा शिक्षामा पहुँच बढाउन सहुलियत कार्यक्रम सहितको वजेट बनाउनु पर्ने देखिन्छ ।

यसो गर्दा विद्यालयबाट टाढा रहेका बालबालिकाहरु विद्यालयसम्म आउने, विपन्न वर्ग तथा दलित साथै पिछाडि परेका समुदायहरु पनि विद्यालयमा समाहित रहने हुन्छन् । सरकारले प्रदान गरेको छात्रवृत्ति रकमले समेत विद्यालयमा भर्नादर बढेको पाइन्छ । विद्यालयले विद्यालय प्रवेश भएका बालबालिकालाई गुणस्तरीय शिक्षा प्रदान गर्न प्राप्त वित्तिय स्रोतलाई उचित बाँडफाँड गरी प्रभावकारी व्यवस्थापन मिलाउनु पर्ने नै देखिन्छ ।

सम्वन्धित साहित्यको पुनरावलोकनबाट सामुदायिक विद्यालयको व्यवस्थापन समुदायले लिए पश्चात समग्र विद्यालयको गुणस्तर वृद्धि हुनाको साथै वित्तीय स्रोत संकलन एवं परिचालनमा थप प्रभावकारिता आएको देखिन्छ । नितिगत अस्पष्टता अधिकार र

दायित्वमा अस्पष्टता, व्यवस्थापनमा थप जटिलता भएको पनि पाइन्छ । यो असहजताको कारणबाट समुदायमा विद्यालय व्यवस्थापनको जिम्मा दिने कार्यमा संभावना र चुनौती उत्तिकै रहेको देखिन्छ । यसै परिप्रेक्षमा शिक्षामा मुख्य गरेर सरकार व्यक्ति, समुदाय निजि संस्थाहरु वैदेशिक लगानी र अभिभावकहरुको लगानीहरुमा विद्यालयहरु संचालन भएको पाइन्छ । तसर्थ वित्तीय व्यवस्थापनको वर्तमान यथार्थता पत्ता लगाई भावि दिशा निर्देश गर्न सजिलो हुने हुँदा प्रस्तुत प्रस्तावना शैक्षिक योजना तथा व्यवस्थापन क्षेत्रमा नयाँ आयम थप्न सजिलो हुने विस्वास लिन सकिन्छ ।

# परिच्छेद तीन : अनुसन्धान विधि

यस परिच्छेदमा शोध प्रस्तावनाका लागि आवश्यक पर्ने विधि तथा ढाँचाको र साधनहरुको वारेमा व्याख्या गरिएको छ । अनुसन्धानका लागि आवश्यकपर्ने जनसंख्या, नमुना छनौट तथ्याङ्क संकलन विधि, नमुना आकार र तथ्याङ्क संकलनका लागि आवश्यक पर्ने साधनको जानकारी दिने प्रयास गरिएको छ ।

## ३.१ अनुसन्धानात्मक ढाँचा

अध्ययनका लागि आवश्यक पर्ने सुचना, तथ्याङ्क संकलन गर्ने प्रक्रिया शुद्ध गुणात्मक वा शुद्ध परिणात्मक नभई दुवै विधि मिश्रित गरी अनुसन्धान गरिएमा वढी प्रभावकारी र उपयोगी हुने मान्यता विकास भएको पाइन्छ (मुडवरी, २०६३) ।

अध्ययनका निर्धारीत उद्देश्यलाई प्राप्त गर्न वित्तीय अवस्था सम्वन्धी वित्तीय अवस्था सम्बन्धी विभिन्न गणितीय तथ्याङहरु संकलन आन्दानी खर्चको विवरण विद्यालयको गुणत्तर सम्बन्धी संख्यात्मक प्रस्तुति गर्नुपर्ने भएकोले गणितीय तथ्याङहरु संकलनका लागि परिमाणत्मक विधिलाई आधार वनाई विभिन्न विद्यालयका सर्वेक्षण फारम विकास तथ्य ताथ्याङ संकलन गरिएको छ । यस सम्बन्धमा समस्याको समाधान गर्नका लागि प्राचार्य, वि.व्य.स.का पदाधिकारी, शिक्षक अभिभावक संघका पदाधिकारी अभिभावक स्रोत व्यक्तिसँग प्रश्नावली मतसर्वेक्षण जस्ता साधन प्रयोग गरिनेछ ।

## ३.२ अध्ययनको जनसंख्या

अध्ययन कार्यका लागि आवस्यक पर्ने जनसंख्या मोरङ जिल्लाको १६ वटा स्रोत केन्द्र मध्ये वाहुनी स्रोत केन्द्र अत्तरगत लक्ष्मी उच्च मा. वि. लक्ष्मीमार्ग, काली उच्च मा.वि. डाँगीहाट र महेन्द्र मा.वि. भाउन्ने, डाँगीहाट–४ गरी तीन वटा माध्यमिक विद्यालयका प्र.अ., वि.व्य.स.को पदाधिकारी, शिक्षक, शिक्षक अभिभावक सेवाका पदाधिकारीलाई अध्ययनको जनसंख्याको रुपमा लिइएको छ ।

## ३.३ नमुना छनौट

अनुसन्धानकर्ता सम्पूर्ण जनसंख्याको अध्ययन र विश्लेषण गर्न असमर्थ हुने छैन अध्ययनका लागि प्रतिनिधीमुलक केही एकाई छनौट गरिन्छ । यस अध्ययनका लागि

उद्देश्यले प्रस्तावित क्षेत्रको प्रतिनिधीत्व हुने गरी उदेश्यमूलक नमुना छनौट विधिबाट मोरङ जिल्लाको बाहुनी स्रोतकेन्द्रका ३ वटा सामुदायिक माध्यमिक विद्यालयलाई छनौट गरिएको छ । उक्त विद्यालयबाट प्र.अ., वि.व्य.स.का पदाधिकारी, शिक्षक, अभिभावक, शिक्षक अभिभावक सेवाका पदाधिकारीहरुलाई अध्ययनको उद्देश्य पुरा गर्न निम्न अनुसार छानियो :

**तालिका १ अध्ययनको नमुना**

| क.स. | नमुना समुह | नमुना आकार | | छनौट विधि |
|---|---|---|---|---|
| | | प्रत्येक विद्यालय | जम्मा | |
| १ | वि.व्य.स. पदाधीकारी | २ | ६ | उपलब्धताको आधारमा |
| २ | प्राचार्य | १ | ३ | उद्देश्यात्मक |
| ३ | शिक्षक/शिक्षिका | २ | ६ | चिट्ठा विधि |
| ४ | अभिभावक | ३ | ९ | उपलब्धताको आधारमा |
| ५ | शिक्षक अ. संघका पदाधिकारी | २ | ६ | उपलब्धताको आधारमा |
| | जम्मा | १० | ३० | |

स्रोत : स्थलगत अध्ययन, २०६९

## ३.४ नमूना छनौटका आधार

नमुना छनौटको आधारमा लैङ्गीक आधार प्रयोग गरिन्छ जसमा शिक्षक र शिक्षिकालाई बराबर संख्यामा लिएर तथ्याङ्क संकलन गरियो भने पदीय आधार अन्तरगत विद्यालय व्य.स. अध्यक्ष, सदस्य, प्र.अ., शिक्षक, विद्यार्थी, कर्मचारीबाट अलग अलग मत लिएर डायरी टिपोट गरिन्छ । अलग अलग पदका व्यक्तीलाई अलग-अलग प्रस्नावली निर्माण गरिएयो ।

### ३.५ तथ्याङ्क संकलनका साधनहरु

अध्ययन कार्यलाई पूर्णता दिन त्यसको पंकृति हेरी तथ्याङ्क संकलन गर्न विभिन्न किसिमका साधनहरु प्रयोग गर्नुपर्ने हुन्छ । यस अध्ययनलाई अर्थपूर्ण बनाउन र अध्ययनका पूर्वनिर्धारीत उद्देश्यहरु पूरा गर्नका लागि निम्न अनुसारका साधन प्रयोग गरिएका थिए :

#### ३.५.१ विद्यालय सर्वेक्षण फारम

अध्ययनको क्रममा विद्यालय सर्वेक्षण फारम तयार गरेर त्यस फारमको आधारमा अध्ययन गरिएका विद्यालयको वित्तीय स्रोत संकलन कहाँ-कहाँबाट र कसरी बाँडफाँड भएको छ आर्थिक अवस्था कस्तो छ भनि हेर्नको लागि उक्त फारम प्रयोग गरी तथ्याङ्क संकलन गरिएको थियो ।

#### ३.५.२ अन्तरवार्ता

गुणात्मक अनुसन्धानको महत्वपूर्ण साधन अन्तरवार्ता हो । यसले व्यक्ति भित्रका विचार वा भावनालाई प्रस्ट रुपमा बाहिर ल्याउने कार्य गर्दछ । जसले व्यक्तिका विचार मात्र हैन निश्चित तथ्याङ्क र तथ्यलाई समेत अगाडि ल्याउँछ -त्रिपाठी, २००३) । अन्तर्वार्तालाई विभिन्न किसिमले वर्गीकरण गरेको पाइन्छ । कौल (१९८४) ले संरचित र असंरचित गरी यसलाई दुई भागमा बाँडेका छन् भने (बग्डन र विक्लेन १९९२, भण्डारी, २०६४ बाट उद्धृत) ले यसलाई संरचित, अर्द्ध संरचित र असंरचित भनी उल्लेख गरेका छन् । अर्धसंरचित अन्तवार्ताले अध्ययन गरिने विषयका आवश्यक सबै पक्षहरु समेट्ने निश्चितता हुन्छ , किनभने पहिले नै यी पक्षहरुको अध्ययन गरी प्रश्नहरुको सूचि तयार पारिएको हुन्छ । यसमा पुरक प्रश्नहरु अवस्था र आवश्यकता अनुसार गर्न सकिने भएकाले विषयको अपेक्षित गहिराइसम्म पुग्ने अवसर मिल्छ (उप्रेती, २०६६:१३०) । यसर्थ प्रस्तुत अध्ययनको उद्देश्य पूर्तिको लागि अर्ध संरचित अन्तर्वार्तालाई आधार बनाइएको छ । जस अनुसार विद्यालयका प्राचार्य, वि.व्य.स. पदाधिकारी, शिक्षक/शिक्षिका, अभिभावक र शिक्षक अभिभावक संघका पदाधिकारीका लागि केही निर्देशित प्रश्नहरु तयार गरी प्रयोग गरिएको थियो । अन्तर्वार्ताका लागि तयार पारिएका निर्देशित प्रश्नहरु परिशिष्टमा देखाइएको छ ।

### ३.५.३ प्रश्नावली

अध्ययनका लागि छनौट गरिएका अभिभावक र विद्यार्थीहरुको लागि प्रश्नावली निर्माण गरी आवस्यक तथ्याङ्क संकलन गरिने छ । अभिभावक प्रस्नावलीबाट अभिभावकबाट शुल्क, दानदातव्य आदिबाट सहयोग रकम र उनीहरुको आर्थिक अवस्था वारेको तथ्याङ्क संकलन गरिने छ । प्रस्नावली बन्द र खुला दुवै प्रकारका प्रयोग गरिन्छ । वन्द प्रश्नावलीमा वस्तुगत प्रश्नहरु र खुल्ला प्रश्नहरुमा विषयगत प्रश्नहरु समावेश गरिन्छ ।

### ३.५.४ दस्तावेज पुनरावलोकन

अध्ययनसँग सम्बन्धित आवश्यक तथ्याङ्क तथा जानकारी प्राप्त गर्ने उद्देश्यले सम्बन्धित विद्यालयका रेकर्डहरु, शैक्षिक स्मारिकाहरु, विद्यालय सुधार योजनाका दस्तावेजहरु, फ्लास १ र २ (Flash 1, Flash II) तथा शिक्षा विभागद्वारा प्रकाशित विद्यालयसँग सम्बन्धित तथ्याङ्क तथा अन्य सरकारी तथा गैर सरकारी संघ संस्थाहरुले प्रकाशन गरेका शैक्षिक तथ्याङ्कहरुको पुनरावलोकन गरिएको थियो ।

### ३.५.४ डायरी टिपोट

गुणात्मक अनुसन्धानमा स्थलगत सर्वेक्षणका क्रममा प्राप्त सूचनालाई प्राकृतिक रुपमा जस्ताका तस्तै टिपोट गर्नुपर्ने भएकोले विद्यालय अवलोकन सर्वेक्षण तथा अनुसन्धानको क्रममा प्राप्त विविध सूचना, तथ्याङ्कलाई डायरी टिपोट गरिएको थियो ।

### ३.५.५ समूह छलफल

सामूहिक छलफल कुनै वस्तु सेवा वा विषयमा मानिसले कसरी, के महसुस गरेका छन् भनी पत्ता लगाउने सामुहिक अन्तार्वार्ता हो । यसमा लक्षित व्यक्तिहरुसँग सूचना संकलन गर्न सहजकर्ताको नेतृत्वमा खुला प्रकृतिको छलफल गरिन्छ । यस समूहमा ६ देखि १२ जनासम्म हुनुपर्छ (वर्गर, १९९८:८९) । समूह छलफल विधिबाट निर्धारित विषयमा छलफल गरी गुणात्मक तथ्याङ्कहरुको संकलन गरिन्छ । समूह छलफल विधिको सहयोगमा सामान्य रुपमा सतहमा देखिएका अवस्था र परिसूचकहरुको अन्तरतहसम्म पुगेर कारणहरुको खोजी गरिन्छ (उप्रेती, २०६६:८६) । यसर्थ प्रस्तुत अध्ययनमा समस्याको वास्तविकता पत्ता लगाउन समूह छलफल विधि अपनाइएको थियो । जसमा छनोट गरिएका

विद्यालयका प्राचार्य, शिक्षक र वि.व्य.स. पदाधिकारीहरुको एउटा समूह, अभिभावक र शिक्षक अभिभावक संघका पदाधिकारीहरुको एउटा समूह गरी प्रत्येक विद्यालयमा दुईवटा समूह बनाइ छलफल गरिएको थियो । समूह छलफलको लागि निम्नानुसार जनसंख्या छनौट गरिएको थियो :

तालिका २ समूह छलफलको लागि छनौट जनसंख्या नमुना

| क.सं. | नमुना समूह | नमुना आकार प्रत्येक विद्यालयमा | जम्मा संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | विद्यालय प्राचार्य | १ जना | ३ जना | पहिलो समूह |
| २ | शिक्षकहरु | २ जना | ६ जना | |
| ३ | वि.व्य.स. पदाधिकारी | २ जना | ६ जना | |
| ४ | अभिभावक | ४ जना | १२ जना | दोस्रो समूह |
| ५ | शिक्षक अभिभावक संघ | ३ जना | ९ जना | |
| | जम्मा | १२ जना | ३६ जना | |

स्रोत : स्थलगत अध्ययन, २०६९

अध्ययनको उद्देश्यलाई लक्षित गरी समूह छलफल निर्देशिकाको निर्माण गरिएको थियो । समूह छलफल विद्यालय र समुदाय बीचको सम्बन्ध, विद्यालयको वित्तीय अवस्था, वित्तिय व्यवस्थापनमा देखा परेका समस्या, विद्यालयको लेखा प्रणाली एवम् आर्थिक योजना, विद्यालयको व्यवस्थापन समुदायले जिम्मा लिए पश्चात् भएका सकारात्मक परिवर्तन, वित्तिय स्रोत व्यवस्थापनलाई प्रभावकारी बनाउन गर्नुपर्ने कार्य आदि विषयमा केन्द्रित थियो । समूह छलफल मार्ग निर्देशिका परिशिष्ट ६ मा राखिएको छ ।

## ३.६ तथ्याङ्क सङ्कलन प्रक्रिया

तथ्याङ्क संकलनका लागि सर्वप्रथम जिल्ला शिक्षा कार्यलय मोरङको अभिलेख अनुसार अनुरुपका ३ विद्यालय छनौट गर्ने कार्य भयो । विद्यालयको छनौट पश्चात उक्त विद्यलाय प्राचार्य र शिक्षकहरुलाई सामूहिक रुपमा अध्ययनको उद्देश्य बारे स्पष्ट पारी प्राचार्यबाट आवश्यक अनुमति लिएर अन्तर्वार्ता निर्देशिका अनुसार आवश्यक अन्तरक्रिया

गरी तथ्याङ्क स्रकलन गरिएको थियो । यसैगरी वि.व्य.स. पदाधिकारी, अभिभावक, शिक्षक, अभिभावक संघका पदाधिकारीहरुसँग प्राचार्यको आवश्यक सहयोग लिएर तथ्याङ्क संकलनका लागि प्राचार्य र शिक्षकको लागि अन्तर्वार्ता विधि नै अपनाइएको थियो । यसैगरी समूह छलफलको लागि लक्षित समूहसँग विद्यालय परिसर भित्रै छुट्टाछुट्टै समूह बनाई छलफल गरिएको थियो । समूह छलफलमा एक पटकमा एउटा प्रसङ्ग/सवाल प्रस्तुत गरी त्यस बारे अलग-अलग सहभागिहरुको प्रतिक्रिया र अनुभव बटुलेपछि त्यसलाई टिपोट गरी अर्को मुद्दा वा सवाल क्रमशः प्रस्तुत गरी छलफल सम्पन्न गरिएको थियो ।

## ३.७ वैधता र विश्वसनीयता

सुचनाहरु वैध र विस्वासनीय भएनन् भने अध्ययनको निस्कर्ष लगत निस्कन्छ तसर्थ तथ्याङ्कको संकलन पछि प्राप्त तथ्याङ्कको बैधता परिक्षण गर्न अति जरुरी हुन्छ । यो अध्यायमा बैधता र विश्वासनियता कायम गर्न सरोकारवाला समूहसँग भएका छलफल, अन्तर्वार्ता, अवलोकन, विद्यालय सर्वेक्षण र दस्तावेज अध्ययनबाट प्राप्त सूचनालाई एक आपसमा रुजु गरी तिनीहरुको शुद्धता र विश्वसनियता खोज्ने प्रयास गरियो । एक पक्षमा प्राप्त भएको सूचनालाई अर्कोपक्षबाट प्राप्त सूचनाले पुष्टि गर्छ गर्दैन भनेर हेरियो अर्थात् अन्तर्वार्ताबाट प्राप्त सूचनाले पुष्टि गर्छ गर्दैन भनेर हेरियो अर्थात् अन्तर्वार्ताबाट प्राप्त सूचनाको सत्यता पत्ता लगाउन छलफल गरियो छलफलबाट प्राप्त सूचनालाई विद्यालयको रेकर्डबाट प्राप्त सूचनासँग मेल खान्छ खाँदैन भन्ने कुराको समेत खोजी गरियो तुलनात्मक अध्ययनबाट सुचनाहरु प्राय मेल खाएको पाइयो । त्यसैले सूचनाहरु बढी बैध र विश्वसनीय हुन पुगेको विश्वास गर्न सकिन्छ ।

# परिच्छेद चार : तथ्याङ्कको प्रस्तुतीकरण तथा विश्लेषण

कोरा तथ्याङ्क तथा प्रतिक्रियाहरुले मात्र विषयवस्तुलाई निष्कर्षमा पुऱ्याउन सक्दैन । त्यसैले प्राप्त तथ्य तथ्याङ्क तथा प्रतिक्रियाहरुलाई सत्य तथ्यको आधारमा व्याख्या विश्लेषण गर्दै निष्कर्ष तर्फ उन्मुख हुनु जरुरी हुन्छ । यस शोधकार्यका लागि आवश्यक पर्ने गुणात्मक तथा परिमाणात्मक सूचना हरुलाई विषय प्रकृति र क्षेत्र अनुसार वर्गीकरण गरिएको छ ।

## ४.१ सामुदायिक माध्यमिक विद्यालयको आर्थिक स्रोत पहिचान

कुनै पनि संघ संस्था प्रभावकारी रुपले संचालन गर्नको लागि वित्तीय स्रोतको अपरिहार्यता हुन्छ । वित्तीय स्रोतको अभावमा संघसंस्थाहरु व्यवस्थित तवरले संचालन गर्न कठिन हुन्छ। त्यसै अनुरुप विद्यालय पनि एक यस्तो सार्वजनिक संस्था हो जुन आर्थिक स्रोत विना सञ्चालन हुन सक्तैन । शैक्षिक गुणस्तर दिने क्रममा वित्तीय परिचालन प्रभावकारी हुनु पर्दछ । तसर्थ सामुदायिक माध्यमिक विद्यालयहरुको आर्थिक स्रोतको अध्ययन गर्ने क्रममा विद्यालयहरुको वित्तीय स्रोतको अध्ययन गर्ने क्रममा नमुना छनौटमा परेका विद्यालयहरुको आर्थिक वर्ष ०६७/०६८, ०६८/०६९ को वित्तीय स्रोत संकलन र परिचालनको अध्ययन गरियो । विद्यालयको वित्तीय स्रोत व्यवस्थापनको अवस्थालाई अध्ययन गर्न आम्दानीका स्रोत र खर्चका शीर्षकलाई अलगअलग तालिकामा राखेर तथ्याङ्कको आधारमा विश्लेषण गरिएको छ । विद्यालय पिच्छे केही आम्दानी तथा खर्चका स्रोतका शीर्षकहरु फरक परेकोलाई समेत खुलाइएको छ ।

### ४.१.१ सामुदायिक माध्यमिक विद्यलायको स्रोत संकलन

विद्यालय सञ्चालनका लागि सामुदायिक विद्यालयहरुले सरकारी तथा गैरसरकारी विभिन्न माध्यमबाट आर्थिक स्रोत संकलन गरेको पाइन्छ । छनौट गरिएका विद्यालयहरुको स्थलगत अध्ययन गरी प्राप्त गरेको विभिन्न आर्थिक वर्षको संकलित विवरणलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

तालिका ३

विद्यालयको स्रोत संकलन विवरण आ.व. २०६७/०६८

| क्र. सं. | शिर्षकहरु | लक्ष्मी उ.मा.वि. | कालि उमा.वि | महेन्द्र मा.वि | जम्मा | प्रतिशत | कै |
|---|---|---|---|---|---|---|---|
| १ | वैक मौजाद | ६२७०५९/७८ | १२२१४०६/६४ | ५७४६३३/३६ | २४२३०९९/७८ | ११.१४ | |
| २ | नगद मौजाद | ९३३९८/५२ | - | - | ९३३९८/५२ | ०.४३ | |
| ३ | व्याज तजा अन्य लगानी, जग्गाबाट | ४६२८१ | ४४६३१/१९ | ४०३६/१६ | ९४९४८/३५ | ०.४४ | |
| ४ | सरकारी अनुदान शिक्षक तलम भत्ता | ४४५३४६६ | ४३६३७०४ | १९१५३५९ | १०७३२५२९ | ४९.३६ | |
| ५ | छात्रवृत्ति | २६४३२० | २०१६०० | १९९४९९ | ६६५४१९ | ३.०६ | |
| ६ | राहत शिक्षक तलव भत्ता, PCF non salary | ७८६०० | २४०२०० | १७७१७९ | ४९५९७९ | २.२८ | |
| ७ | पाठ्यपुस्तक | ४५६१०८ | ३७७५७९ | २०६३७२ | १०४००५९ | ४.७८ | |
| ८ | प्रशासनिक अनुदान | ५२५१८ | ५६५०० | ३२१५० | १४११६८ | ०.६५ | |
| ९ | SIP तथा एकमुष्ठ अनुदान | ४२५४३९ | ५२५२०० | ७९७५१ | १०३०३९० | ४.७४ | |
| १० | निर्माण निकासा | २३४५७६ | १०००००० | ६५०००० | १८८४५७६ | ८.६७ | |
| ११ | शुल्कादि | ७६४६७७ | ९९७६४० | ६४१४० | १८२६४५७ | ८.४ | |
| १२ | चँन्दा तथा अन्य सहयोग | ५३२१६९ | ३५६६९९ | १३४५७५ | १०२३४४३ | ४.७ | |
| १३ | शिक्षक पोशाक | १२०००० | १३५००० | ३७५०० | ९२२५०० | १.३५ | |
| | जम्मा | ८१४८६१२/३० | ९५२०१५९.८३ | ४०७५१८४/५२ | २१७४३९६६/६५ | | |

स्रोत : स्थलगत अध्ययन २०६९

माथिको तालिकाबाट सामुदायिक माध्यमिक विद्यालयको कुल आम्दानीको ८६.९ रकम सरकारी अनुदानबाट प्राप्त भएको देखिन्छ जुन कूल आम्दानीको भ्रण्डै ९०% देखिन्छ । त्यस्तै सामुदायिक माध्यमिक विद्यालयले विभिन्न शीर्षकमा विद्यालयको विद्यार्थीबाट शुल्क उठाउने गरेको पनि देखिन्छ । शुल्कबाट भएको आम्दानी ८.४% छ । विद्यालयमार्फत दलित, महिला, सिमान्तकृत, अपाङ्ग, जेहेन्दार आदिलाई दिइने छात्रवृत्ति कुल आम्दानीको ३.०६% प्रतिशत रहेको छ । विद्यालयको जग्गा भवन लगाएत व्याज साथै अन्य आन्तरिक स्रोत परिचालनबाट पनि आम्दानी भएको देखिन्छ । जसले कुल आम्दानीको ०.४४% ओगटेको देखिन्छ । तुलनात्मक रुपबाट सरकारी अनुदान बीच असन्तुलन देखिन्छ । विभिन्न गैर सरकारी संस्थाबाट पनि विद्यालयले आर्थिक अनुदान सहयोग लिने काम हुन्छ । यस प्रकारको सहयोग लिनमा विद्यालयको गैर सरकारी संस्थासँगको पहुँचमा निर्भर गर्दछ । विद्यालय सञ्चालन गर्ने क्रममा ठूलो भौतिक निर्माण गर्दा समुदायसँग आर्थिक तथा भौतिक सहयोग लिने देखिन्छ । समुदायको आर्थिक सहयोग कुल आम्दानीको ४.७०% रहेको स्पष्ट छ । वर्षै पिच्छे विभिन्न शीर्षकबाट आम्दानी भएको रकम संकलन भई वैंक मौज्दात स्पष्ट छ । वर्षै पिच्छे विभिन्न शीर्षकबाट आम्दानी भएको रकम संकलन भई वैंक मौज्दात भएको देखिन्छ । यो रकम कुल आम्दानीको ११.१४% रहेको छ । राज्यले शिक्षकलाई पोशाक वापत दिएको रकम कूल आम्दानीको १.३५% देखिन्छ काम गर्ने सन्दर्भमा खर्च गरेर बचेको रकम वा चन्दा वा अन्यबाट आएको रकम नगदै पनि रहने गरेको देखिन्छ जुन कूल आम्दानीको ०.४३% रहेको छ । राहत शिक्षक तथा पि.सि.एफ. वापत सरकारले रकम उपलब्ध गराएको देखिन्छ जुन कूल आम्दानीको २.२८% रहेको छ ।

तालिका ४

विद्यालयको स्रोत संकलन विवरण आ.व. २०६८/०६९

| क्र. सं. | शिर्षकहरु | लक्ष्मी उ.मा.वि. | कालि उमा.वि | महेन्द्र मा.वि | जम्मा | प्रतिशत | कै |
|---|---|---|---|---|---|---|---|
| १ | वैक मौजाद | २५९२०२/५५ | - | २०३६७३/९१ | ४६२८७६/४६ | २.३८ | |
| २ | नगद मौजाद | १४३०२ | - | - | १४३०२ | ०.०७ | |
| ३ | व्याज तजा अन्य लगानी, जग्गाबाट | ३२६३६/१ | ११२३३६/२३ | १७२४८/६० | १६२२२०/९३ | ०.८३ | |
| ४ | सरकारी अनुदान शिक्षक तलम भत्ता | ५१९६८६७ | ४३५८८१७ | २०१४३५० | ११५७००३४ | ५९.५३ | |
| ५ | छात्रवृत्ति | २८०८७५ | २०८६५० | १९४०८० | ६८३६०५ | ३.५१ | |
| ६ | राहत शिक्षक तलव भत्ता, PCF non salary | ८६८००० | २६०५८० | २०५८४८ | ९३८४२८ | ४.८३ | |
| ७ | पाठ्यपुस्तक | ३८११८६ | ३९७६७२ | २११२६२ | ९९०१२० | ५.०९ | |
| ८ | प्रशासनिक अनुदान | ३०००० | ५६४०१ | ४०६४१ | १२७०४२ | ०.६५ | |
| ९ | SIP तथा एकमुष्ठ अनुदान | ४६२९९० | ४२७५०० | ६५००० | ९५५४९० | ४.९१ | |
| १० | निर्माण निकासा | १८४०० | ५०००० | ७४५३००० | ८१३४०० | ४.१९ | |
| ११ | शुल्कादि | ८९४२७५२ | १९३१९० | २०५०३९ | १२९२५०४ | ६.६६ | |
| १२ | चँन्दा तथा अन्य सहयोग | २५०५० | ८९४००१ | २२७४२० | ११४६४७१ | ५.९ | |
| १३ | शिक्षक पोशाक | १०५००० | १३५००० | ३७५०० | २७७५०० | १.४५ | |
| | जम्मा | ८१६८७८३/६५ | ७०९४१४७/२३ | ४१७१०६२/५१ | १९४३३९९३/३९ | १०० | |

स्रोत : स्थलगत अध्ययन, २०६९

माथिको तालिका अनुसार आर्थिक वर्ष २०६८/०६९ मा अध्ययन गरिएका सामुदायिक माध्यमिक विद्यालयहरुको कूल आम्दानीको ५९.५३% तलव भत्तामा, ३.५१% छात्रवृत्तिमा र ४.१९% भौतिक निर्माण र ०.६५% प्रशासनिक खर्चमा अनुदान प्राप्त भएको छ । सरकारी अनुदानलाई मात्र केलाउदा अनुदानको ८०.४८% शिक्षक तलव भत्तामा र वाँकि छात्रवृत्ति, प्रशासनिक खर्च र भौतिक निर्माणका लागि अनुदान दिइएको पाइन्छ । सामुदायिक माध्यमिक विद्यालयमा तह पुरा गरेका विद्यार्थीबाट प्रमाण पत्र शुल्क, भर्ना शुल्क, परीक्षा शुल्क र कक्षा ११, १२ मा अध्ययन गर्नेहरुबाट पढाई शुल्क जस्ता शीर्षकहरुमा विद्यालयको व्यवस्थापन समितिको निर्णय अनुसार शुल्क तोकि आम्दानी गरेको देखिन्छ । यो कुल आम्दानीको ६.६६% रहेको छ । आर्थिक वर्ष ०६७/०६८ को तुलनामा आर्थिक वर्ष ०६८/०६९ मा वैंक मौज्दात ८.६७% ले घटेको देखिन्छ । विद्यालयको आन्तरिक स्रोत परिचालनबाट भएको आम्दानी पनि स्थायी र उल्लेखनीय भएको देखियो तर आम्दानी सवै विद्यालयमा उस्तै र एउटै प्रकृतिको पाइएन । सवै विद्यालयको आम्दानीको स्रोतको रुपमा जग्गा भएको पाइएन । शिक्षक पोशाक वापत आएको रकम सवै शिक्षक पोशाकमा दिएको पाइयो । व्याज तथा अन्य लगानीबाट प्राप्त आम्दानी सवै भन्दा न्यून रहेको पाइयो ।

तालिका ५


आ.व. २०६७/०६८ र २०६८/०६९ को संयुक्त वित्तीय आम्दानीको विवरण

| क्र. सं. | शिर्षकहरु | २०६७/०६८ | ०६८/०६९ | जम्मा | प्रतिशत | कै |
|---|---|---|---|---|---|---|
| १ | वैक मौजाद | २४२३०९९/७८ | ४६२८७६/४६ | २८८५९७६/२४ | ७ | |
| २ | नगद मौजाद | ९३३९८/५२ | १४३०२ | १०७७००/५२ | ०.२६ | |
| ३ | व्याज तजा अन्य लगानी, जग्गाबाट | ९४९४८/३५ | १६२२२०/९३ | २५७१६९/२८ | ०.६२ | |
| ४ | सरकारी अनुदान शिक्षक तलम भत्ता | १०७३२५२९ | ११५७००३४ | २२३०२५६३ | ५४.१६ | |
| ५ | छात्रवृत्ति | ६६५४१९ | ६८३६०५ | १३४९०२४ | ३.२८ | |
| ६ | राहत शिक्षक तलव भत्ता, PCF non salary | ४९५९७९ | ९३८४२८ | १४३४४०७ | ३.४९ | |
| ७ | पाठ्यपुस्तक | १०४००५९ | ९९०१२० | २०३०१७९ | ४.९३ | |
| ८ | प्रशासनिक अनुदान | १४११६८ | १२७०४२ | २६८२१० | ०.६५ | |
| ९ | SIP तथा एकमुष्ठ अनुदान | १०३०३९० | ९५५४९० | १९८५८८० | ४.८२ | |
| १० | निर्माण निकासा | १८८४५७६ | ८१३४०० | २६९७९७६ | ६.५५ | |
| ११ | शुल्कादि | १८२६४५७ | १२९२५०४ | ३११८९६१ | ७.५८ | |
| १२ | चँन्दा तथा अन्य सहयोग | १०२३४४३ | ११४६४७१ | २१६९९१४ | ५.२७ | |
| १३ | शिक्षक पोशाक | २९२५०० | २७७५०० | ५७०००० | १.३९ | |
| | जम्मा | २१७४३९६६.६५ | १९४३३९९३.३९ | ४११७७९६०/०४ | १०० | |

स्रोत : स्थलगत अध्ययन, २०६९

संयुक्त वित्तीय आम्दानीलाई वृत्तचित्रमा प्रस्तुत गर्दा :

चित्र १




आर्थिक वर्ष २०६७/०६८ र ०६८/०६९ को संयुक्त आम्दानी विवरणमा सरकारी अनुदान विभिन्न शीर्षकमा भएको देखिन्छ। कूल आम्दानीको ७७.८८% सरकारी अनुदान मध्ये ५४.१६% दरबन्दीमा रहेको शिक्षकहरुको लागि तलव भत्ता र बाँकि छात्रवृत्ति निःशुल्क पाठ्यपुस्तक, भौतिक निर्माण र प्रशासनिक खर्चका लागि भएको देखिन्छ। विद्यालयलाई सरकारले दिएको अनुदानले नपुगेर विभिन्न शीर्षकमा आन्तरीक स्रोतबाट आम्दानी गरेको पाइयो। माध्यमिक तह सम्मको शिक्षा निःशुल्क भनिएता पनि विद्यालयको व्यवस्थापन समितिको निर्णय अनुसार विद्यालय सञ्चालनमा आवश्यक पर्ने भवन निर्माण कम्पाउण्ड निर्माण, शौचालय निर्माण जस्ता भौतिक संरचना तयार गर्दा बाहेक पनि नियमित रुपमा आम्दानी गर्दै आएको देखिन्छ। ती आम्दानी भर्नाको समयमा तह पार गरेपछि प्रमाणपत्र वितरण गर्दा वा प्रमाणपत्र लिन चाहेमा आम्दानी गर्ने गरेको देखिन्छ। वार्षिक आम्दानीको करीव ७% वैक मौज्दात नै रहेको देखिन्छ। जुन विद्यालय मजबुत छ। सो विद्यालयको आम्दानी निरन्तर भएको छ। अध्ययन गरिएको ३ ओटा विद्यालयहरु मध्ये कालि उ.मा.वि.को स्वामित्वमा रहेको ४ विघा जग्गा ठेक्कामा दिए वापत खासै आम्दानी भएको पाइदैन वर्षको ३२ मन धान दिने सर्त गरे पनि समयमा ठेक्का उठेको पाइदैन।

### ४.१.२ आर्थिक स्रोत उपभोगको स्थिती

विद्यालयको निर्धारित उद्देश्य पूरा गर्नको लागि स्रोतको पहिचान, संकलन र संकलित स्रोतको परिचालन तथा उपभोग गर्ने कुरा महत्वपूर्ण मानिन्छ । स्रोत संकलन गरिसेपछि ती स्रोतहरुलाई प्राथमिकताको आधारमा वैज्ञानिक तवरबाट बाँडफाँड गरी सहि परिचालन तथा सदुपयोग भए मात्र संस्थाले लक्ष्य अनुरुप उद्देश्य पूरा गर्न सक्दछ । शिक्षण क्रियाकलाप सुचारु रुपले संचालन गर्न शिक्षण क्रियाकलाप सार्थक बनाउन विद्यालयमा रहेका आर्थिक भौतिक तथा मानवीय स्रोत परिचालन गर्ने प्रमुख दायित्य विद्यालयप्रशासकको हुन आउँछ । विद्यालयमा प्राप्त आम्दानी उपभोग कसरी गरिएको छ । भनि अध्ययन गर्न छनोटमा परेका तीन ओटा विद्यालयको आम्दानीलाई कुन कुन शीर्षकमा के कसरी खर्च गरिएको छ भनी उक्त विद्यालयहरुको २ वर्षे खर्च विवरणलाई हेरीएको थियो जसको विवरण यस प्रकार रहेको छ :

तालिका ६

सामुदायिक माध्यमिक विद्यालय खर्च विवरण आर्थिक वर्ष २०६७/०६८

| क्र. सं. | शिर्षकहरु | लक्ष्मी उ.मा.वि. | कालि उमा.वि | महेन्द्र मा.वि | जम्मा | प्रतिशत | कै |
|---|---|---|---|---|---|---|---|
| १ | वैक मौजाद | २५९२०१/९९ | ६३७९२५/६३ | ५७४६३३/३६ | १४७१७६०/९८ | ६.८ | |
| २ | शिक्षकको तलव भत्ता, कसम कोष विमा | ५४१०७९२/२९ | ५८१०६४३/३० | २२०१२२५ | १३४२२६६०/५९ | ६१.८ | |
| ३ | विद्यार्थी छात्रवृत्ति र पोशाक, पुरस्कार | १७५६०८ | ३२१३०० | १४४५९०/५० | ६४१४५८/५० | ३ | |
| ४ | पाठ्यपुस्तक | ३३०००० | ३१३२२८/८९ | २३५३८१.८० | ८७८६१०.६९ | ४ | |
| ५ | शैक्षिक सामग्री, स्टेसनरी, मसलन्द | १२२०६६ | १३४०१०/५० | ६५७२८ | ३२१८०४/५ | १.५ | |
| ६ | भौतिक निर्माण, मर्मत, खरिद, फर्निचर | १२५०९९४.०२ | १७५५८७६/५१ | ६८४५५७/८६ | ३६९१४२८/३९ | १७ | |
| ७ | दैनिक भ्रमण भत्ता | ४५५४० | १०११६१ | २३१८० | १६९८८१ | ०.४ | |
| ८ | टेलिफोन, विधुत, SIP निर्माण रजिष्ट्रेसन, लेखा परीक्षण, छपाइ | ३११२९० | २६२५९६ | ७७७५६ | ६५१६४२ | ३ | |
| ९ | परीक्षा | २४३१२० | १८३४१८ | ६८१४२ | ४९४६८० | २.१ | |
| | जम्मा | ८१४८६१२/३० | ९५२०१५९/८३ | ४०७५१९४/५२ | २१७४३९६६/६५ | १०० | |

स्रोतः स्थलगत अध्ययन, २०६९

आर्थिक वर्ष २०६७/०६८ को खर्चको अध्ययन गर्दा कुल खर्चको ६१.८% शिक्षकको तलव भत्तामा खर्च भएको देखिन्छ। त्यसको अधिकांस रकम सरकारी अनुदानबाट प्राप्त भएको र बाँके रकम विद्यालयको आन्तरिक स्रोतबाट आएको आम्दानी तलव भत्तामा खर्च भएको देखिन्छ। शिक्षकको सरकारी दरवन्दीको संख्या कम भएको छ जसको कारणबाट निजी स्रोतमा शिक्षक नियुक्ति गर्नुपर्ने देखिन्छ। ती शिक्षकहरुको तलव सुविधा सरकारी दरवन्दीमा रहने शिक्षकको भन्दा कम रहेको देखियो। विद्यालयको आन्तरिक स्रोत मजवुत भएका विद्यालयको वैंकमा संचित रकम रहेको पाइन्छ जसको सरदर सन्चित प्रतिशत ६.८% रहेको पाइयो। शैक्षिक सामग्री निर्माण गर्न, खरिद गर्न, शैक्षिक पहुँच पुऱ्याउन खर्च गरिएको रकम न्युन पाइन्छ। दैनिक भ्रमण भत्ता सामान्य नै रहेको पाइयो जुन कूल खर्चको ०.८% रहेको छ। शैक्षिक सामग्री तथा मसलन्दमा १.५% खर्च भएको पाइयो। पूँजीगत खर्चको तुलनामा यो रकम अति न्यून छ।

तालिका ७ : सामुदायिक माध्यमिक विद्यालय खर्च विवरण आर्थिक वर्ष २०६८/०६९

| क.सं. | शिर्षकहरु | लक्ष्मी उ.मा.वि. | कालि उमा.वि | महेन्द्र मा.वि | जम्मा | प्रतिशत | कै |
|---|---|---|---|---|---|---|---|
| १ | वैक मौजाद | ४४०८२०.६० | १२१२६२९.६० | २१३२७३.११ | १८६६७२३.३१ | ९.६ | |
| २ | शिक्षकको तलव भत्ता, कसम कोष विमा | ५५५६००७ | ४३५८८१७.२० | २७२६६८६.९२ | १२६४१५११.१२ | ६५ | |
| ३ | विद्यार्थी छात्रवृत्ति र पोशाक, पुरस्कार | ३८७२०० | ३१४१५० | २५०३७१.५ | ९५१७२१.५ | ४.९ | |
| ४ | पाठ्यपुस्तक | ३०८२३० | २५१९६६.२० | २४७३६९.७५ | ८०७५६५.९५ | ४.२ | |
| ५ | शैक्षिक सामग्री, स्टेसनरी, मसलन्द | ८८४०१ | ८६१२२ | ११७०४४ | २९१५६७ | १.५ | |
| ६ | भौतिक निर्माण, मर्मत, खरिद, फर्निचर | ८८४०८७.०५ | ५५२३७०.२३ | ४२४५६८.४८ | १८६१०२५.७६ | ९.६ | |
| ७ | दैनिक भ्रमण भत्ता | ३५७९३ | ३५५३ | २१००० | ६०३४६ | ०.३ | |
| ८ | टेलिफोन, विधुत, SIP निर्माण | २९४१२० | २५३७३७ | ७९६२५ | ६२७४८२ | ३.२ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | रजिष्ट्रेसन, लेखा परीक्षण, छपाइ | | | | | | |
| ९ | परीक्षा | १७४१२५ | ६०८०२ | ९११२३.७५ | ३२६०५०.७५ | १.७ | |
| | जम्मा | ८१६८७८३.६५ | ७०९४१४७.२३ | ४१७१०६२.५१ | १९४३३९९३.३९ | १०० | |

स्रोत : स्थलगत अध्ययन, २०६९

तालिका ७ अनुसार विद्यालयको खर्च विवरणलाई हेर्दा विद्यालयको कुल औषत खर्चको ६५% तलव भत्तामा खर्च भएको छ। कुल खर्चको ९.६% वैंक मौज्दात भएको छ। विद्यार्थीलाई विभिन्न शीर्षकमा दिइने छात्रवृत्ति र पुरस्कार कुल खर्चको ४.९% छ भने शैक्षिक सामग्री र स्टेशनरीमा १.५%, भौतिक निर्माण तर्फ ९.६% खर्च भएको देखिन्छ। गत वर्षको भन्दा यस वर्षको तलव भत्ताको खर्चमा करिव २३.२% ले वृद्धि भएको देखिन्छ। यस तथ्याङ्कले सरकारी अनुदानको धेरै प्रतिशत शिक्षक, कर्मचारीको तलव भत्तामा खर्च भएको देखिन्छ। दैनिक भ्रमण भत्ता कूल खर्चको ०.३% रहेको देखिन्छ। पाठ्यपुस्तक मा ४.२% रहेको पाइन्छ भने परीक्षा सञ्चालनमा १.६% रहेको पाइन्छ।

तालिका ८ : सामुदायिक माध्यमिक विद्यालयको आर्थिक वर्ष २०६७/०६८ र ०६८/०६९ को संयुक्त खर्च विवरण


| क्र. सं. | शिर्षकहरु | २०६७/०६८ | २०६८/०६९ | जम्मा | प्रतिशत | कै |
|---|---|---|---|---|---|---|
| १ | वैक मौजाद | १४७१७६०.९८ | १८६६७२३.३१ | ३३३८४८४.२९ | ८.१० | |
| २ | शिक्षकको तलव भत्ता, कसम कोष विमा | १३४२२६६०.५९ | १२६४१५११.१२ | २६०६४१७१.७१ | ६३.३० | |
| ३ | विद्यार्थी छात्रवृत्ति र पोशाक, पुरस्कार | ६४१४९८.५ | ९५१७२१.५ | १५९३२२० | ३.८७ | |
| ४ | पाठ्यपुस्तक | ८७८६१०.६९ | ८०७५६५.९५ | १६८६१७६.६४ | ४.०९ | |
| ५ | शैक्षिक सामग्री, स्टेसनरी, मसलन्द | ३२१८०४.५ | २९१५६७ | ६१३३७१.५ | १.४९ | |
| ६ | भौतिक निर्माण, मर्मत, खरिद, फर्निचर | ३६९१४२८.३९ | १८६१०२५.७६ | ५५५२४५४.१५ | १३.४८ | |
| ७ | दैनिक भ्रमण भत्ता | १६९८८१ | ६०३४६ | २३०२२७ | ०.५६ | |
| ८ | टेलिफोन, विधुत, SIP | ६५१६४२ | ६२७४८२ | १२७९१२४ | ३.११ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | निर्माण रजिष्ट्रेसन, लेखा परीक्षण, छपाइ | | | | | |
| ९ | परीक्षा | ४९४६८० | ३२६०५०.७५ | ८२०७३०.७५ | २ | |
| | जम्मा | २१७४३९६६.६५ | १९४३३९९३.३९ | ४११७७९६०.०४ | १०० | |

स्रोत : स्थलगत अध्ययन, २०६९

संयुक्त वित्तीय खर्चलाई वृत्तचित्रमा प्रस्तुत गर्दा :

चित्र २




तालिका ८ बाट कुल औषत खर्चको झण्डै ६३.३% रकम तलव भत्तामा खर्च भएको, ३.८७% छात्रवृत्ति र पुरस्कारमा खर्च भएको देखिन्छ। निःशुल्क पाठ्यपुस्तक वितरण गर्ने कार्यक्रम अनुसार विद्यालयमा कुल खर्चको ४.०९% सो शीर्षकमा खर्च भएको देखिन्छ। पाठ्यपुस्तक सरकारले कक्षा १० सम्म नै निःशुल्क प्रदान गरेको पाइन्छ।

संयुक्त वित्तीय खर्चको विश्लेषण गर्दा सवैभन्दा बढी ६३.३% रकम शिक्षक तलव भत्तामा खर्च भएको पाइयो। शैक्षिक सामग्री स्टेसनरी र मसलन्द गरी १.४९% खर्च भएको पाइन्छ। जुन विद्यार्थी संख्याको आधारमा ज्यादै न्यून छ। विद्यार्थी छात्रवृत्ति तथा पोसाक र पुरस्कारमा जम्मा खर्चको ३.८७% देखिन्छ। जुन विद्यार्थी संख्याको आधारमा कम छ। सिमान्तकृत वर्गका छोराछोरीहरु सामुदायिक विद्यालयमा आउछन्। तिनीहरुलाई नाममात्रको

छात्रवृत्ति दिएको देखिन्छ । छात्रवृत्तिले केही सहयोग गर्न सक्नु पर्दछ । यो हुनलाई छात्रवृत्तिको रकम बढाउनु पर्ने देखिन्छ । भौतिक निर्माण, मर्मत, फर्निचर खरिद आदिमा १३.४८% मात्र रकम खर्च भएको पाइयो । जुन विद्यालयको भौतिक सुविधाको अभावको तुलनामा ज्यादै कम छ । दैनिक भ्रमण भत्तामा ०.५६% रकम खर्च भएको देखिन्छ । जुन सामान्य मान्न सकिन्छ । टेलीफोन, विधुत, SIP मा ३.११% रकम खर्च भएको छ । यो विद्यालयको आम्दानीको तुलनामा सामान्य मान्न सकिन्छ ।

विद्यालयले प्राप्त गरेको अधिकांस रकम तलव भत्तामा खर्च गरिनुपर्ने र विद्यालयको आन्तरिक स्रोत परिचालनबाट आएको रकम बैंक मौज्दात भएको देखिन्छ । आन्तरिक आम्दानीको पनि केही अंश विद्यार्थीको वृद्धि विकास जस्तै शैक्षिक भ्रमण, स्थलगत अध्ययन, शैक्षिक सामग्री खरिद, छात्रवृत्ति जस्ता शैक्षिक सहुलियत कार्यक्रमहरुमा विनियोजन गरिएमा शैक्षिक गुणस्तर उकासिने देखिन्छ ।

### ४.१.३ विद्यालयको वित्तीय योजना तथा बजेट व्यवस्था

विद्यालयको आर्थिक व्यवस्थापनलाई प्रभावकारी बनाउनको लागि प्रचलित शिक्षा नियमावली अनुसार लेखा प्रणालीको कार्यान्वयन गर्नुपर्ने हुन्छ । विद्यालय विशुद्ध सेवा मुलक संस्था हो । सामुदायिक विद्यालय स्थापना देखि संचालन प्रक्रिया सम्म प्रभावित क्षेत्रका व्यक्तिहरु, संघसंस्था र समुदायबाट सहयोग लिनुपर्ने हुन्छ । विद्यालयबाट पनि समाले धेरै आशा गरेको हुन्छ । त्यसैले सरोकारवालाहरुको चासो विद्यालय प्रति प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा राखेको पाइन्छ । सरोकारवालाहरुको भावनाको कदर गर्दै विश्वास जितेर उनीहरुको विद्यालय प्रति अपनत्वको भावना बढाई थप स्रोत जुटाउन सहयोग गर्ने वातावरणको सिर्जजना गर्न विद्यालयको आर्थिक हिसाव किताव पारदर्शी हुनु जरुरी छ । माथि उल्लेखित शिर्षकमा छलफल अन्तरवार्ता र अभिलेखको अध्ययन गर्दा निम्न लिखित निष्कर्ष पाइयो । अध्ययन गरिएको विद्यालयको तीन वर्षको अडिट रिपोर्ट, सामाजिक परिक्षण र Flash I र Flash II हेर्दा शिक्षा नियमावलि अनुसार नै पारदर्शि हिसाव किताव पाइयो । सामुदायिक विद्यालयहरु मध्ये उच्च माध्यमिक सम्म संचालन भएका विद्यालयहरुमा वार्षिक रुपमा ठूलै आर्थिक कारोवार हुने भएकोले लेखा हेर्नका लागि व्यवस्थापन समितिको निर्णय अनुसार छुट्टै जिम्मेवारी तोकिएको देखिन्छ । लक्ष्मी उ.मा.वि र काली उ.मा.वि.मा छुट्टै लेखापाल पद सिर्जना गरी कर्मचारी नियुक्ति भएको पाइयो भने मोहन मा.वि.मा कार्यरत शिक्षकहरु

मध्येबाट एक जनालाई लेखा हेर्ने विशेष जिम्मा दिएको रहेछ । उहाँहरुसँग शोधनी राख्दा विशेष जिम्मा पाए वापत थप भत्ता र शिक्षणकार्यमा सहुलियत उपलब्ध गराइएको कुरा जानकारीमा आयो । माध्यमिक विद्यालयहरुमा लेखा प्रणालीलाई व्यवस्थित गराउनको लागि विद्यालयको प्र.अ. र लेखापालहरुलाई लेखा सम्बन्धि तालिम र गोष्ठिमा सहभागि गराइएको देखिन्छ ।

विद्यालयहरुले निर्माण गरेको योजनालाई अध्ययन गर्दा स्रोत साधनको आंकलनमा अस्पष्टता, कार्यक्रम र बजेट विचमा असन्तुलन एवं कार्यक्रममा प्राथमिकताको अभाव जस्तो कमजोरी पाइयो । लक्ष्मी उ.मा.वि.ले वार्षिक कार्ययोजना क्यालेण्डर सहितको सार्वजनिक गरेको पाइयो ।

### ४.१.४ विद्यालयको लेखा प्रणाली र आर्थिक लेखा परीक्षण

विद्यालयको आर्थिक व्यवस्थापनलाई प्रभावकारी बनाउनको लागि प्रत्येक विद्यालयले प्रचलित ऐन, नियम अनुसार लेखा प्रणालीको कार्यान्वयन गर्नुपर्ने हुन्छ । विद्यालय नाफाको उद्देश्य नराखी विशुद्ध सेवाको भावनाले संचालन गरिने सामाजिक संस्था भएकोले यससँग सम्बन्धित सरोकारवालाहरुले प्रत्यक्ष वा परोक्ष रुपले यसका गतिविधिमा चासो राखेका हुन्छन् । यसर्थ सरोकारवालाको विश्वास जितेर उनीहरुमा विद्यालय प्रति अपनत्वको भावना बढाइ थप स्रोतको सहयोग गर्ने वातावरण निर्माण गर्न पनि विद्यालयले गर्ने हरेक आर्थिक गतिविधि पारदर्शी हुनु जरुरी छ । यसै सन्दर्भमा उल्लेखित शीर्षकसँग सम्बन्धित रहेर गरिएको छलफल, अन्तर्वार्ता र अभिलेख अध्ययनबाट प्राप्त तथ्याङ्कको आधारमा तपसिल बमोजिम विश्लेषण गरिएको छ ।

अध्ययन गरिएका ३ वटै विद्यालयहरुमा लेखा प्रणाली एवं आर्थिक लेखा परीक्षण प्रचलित शिक्षा नियमावली बमोजिम नै रहेको पाइयो । विद्यालयको दस्तावेज अध्ययनबाट यी विद्यालयहरुले आम्दानी खर्चको विवरणलाई व्यवस्थित तवरले राख्नाले साथै आवश्यक विल भर्पाइहरु सुरक्षितसाथ राखेको पाइयो । उक्त विद्यालयहरुले आर्थिक वर्षको अन्त्यमा शिक्षा कार्यालय मार्फत खटाइएका लेखा परीक्षकहरु मार्फत विद्यालयको शिक्षक अभिभावक संघको अध्यक्षको संयोजकत्वमा गठित सामाजिक परीक्षण समितिको रिपोर्टलाई केन्द्रविन्दु बनाई लेखा परीक्षण गर्ने गरेको पाइयो । सो अडिट रिपोर्ट, हरेक वर्ष गरिने वार्षिक

अभिभावक भेला एवं विद्यालयको वार्षिकोत्सवमा आम सार्वजनिक गर्ने गरेको देखिन्छ। प्रत्येक विद्यालयमा लेखा हेर्नकालागि विशेष व्यवस्था गरिएको रहेछ। कार्यरत शिक्षकहरु मध्ये एक शिक्षकलाई शिक्षण कार्यको भार कम र लेखा हेरे बजापत केही थप भत्ताको व्यवस्था गरिएको रहेछ। उच्च मा.वि. सम्म सञ्चालन भएका विद्यालयहरुमा बढी नै आर्थिक कारोबार हुने देखिन्छ। यस आर्थिक कारोवारलाई व्यवस्थित गर्नाका लागि सरकारी तवरबाट नै लेखा कर्मचारी भएमा लेखा प्रणाली चुस्त र दुरुस्त हुने देखिन्छ। सरकारले विद्यालय कर्मचारीको लागि एकमुस्ट केही रकम दिए पनि लेखापाल तथा परिचरलाई तलव दिन अपुग भएकोले लेखापाल राख्न समस्या भएको कुरा विद्यालय व्यवस्थापन समितिबाट प्राप्त भयो।

## ४.२ विद्यालयको आर्थिक क्रियाकलाप सञ्चालन प्रक्रिया

अध्ययन गरिएका तीवटै विद्यालय उच्च मा.वि. सम्म सञ्चालन भएका पुराना र स्थापित हुन्। यी विद्यालयहरुको आन्तरिक स्रोत मजवुत बनाइएको पाइयो। गर्ने आर्थिक क्रियाकलापमा पारदर्शिता कायम गर्ने प्रयास गरेको पाइयो। तीनवटै विद्यालयहरुमध्ये काली उ.मा.वि. स्थापना गर्ने सम्बन्धमा स्थानीय शिक्षा प्रेमी एवं समाजसेवीहरुको सकृय सहभागीतामा विद्यालयको स्वामित्वमा रहने गरी करिव ४ विघा जग्गा स्थानीय समुदायले लक्ष्मीमार्गमा राखेका रहेछन्। यसै गरी विद्यालयहरुका तथ्याङ्कहरुबाट निम्नकुराहरु प्रष्ट हुन्छ।

विद्यालयको आर्थिक कारोवार वैंक मार्फत् हुने व्यवस्था मिलाएको छ। आर्थिक गतिविधि एवम् अन्य विषयमा अभिभावक भेला गराइ जानकारी पनि दिने गरेको, हरेक सामान खरिद गर्दा विल राख्ने, दैनिक आम्दानी खर्च बाधिएको देखिन्छ। आन्तरिक स्रोतबाट आएको रकमलाई बैङ्क दाखिला गर्ने गरिएको रहेछ। विद्यालयको आर्थिक क्रियाकलापमा पारदर्शिता कायम राख्न सामाजिक परीक्षण र अन्तिम लेखा परीक्षण गरी त्यसको जानकारी अभिभावकलाई दिने गरेको देखिन्छ। लेखापालले खरिद गरेको सामाग्रीको विल प्र.अ.बाट स्वीकृत गर्ने गरेको निश्चित रकम भन्दा माथी खर्चगर्दा वि.व्य.स. समितिको निर्णयबाट मात्र गर्ने गरिएको देखिन्छ।

### ४.३ विद्यालयको वित्तीय व्यवस्थापनको लेखाजोखा

सामुदायिका विद्यालयको वित्तीय व्यवस्थापनलाई हेर्दा आम्दानीका स्रोतहरु र खर्चका शीर्षकहरुलाई अलग अलग तालिकामा राखी हेरियो आम्दानीका स्रोतहरु तर्फ हेर्दा सरकारी अनुदान शिक्षक तलव भत्तामा ५४.१६% निकासा भएको पाइयो । खर्च तर्फ हेर्दा शिक्षक तलव भत्तामा ६१.८% खर्च भएको पाइयो । जुन ७.६४%ले बढी छ । यसो हुनुको कारण विद्यालयमा विद्यार्थी संख्याको तुलनामा दरबन्दी कम रहेकोले निजीस्रोतबाट शिक्षक राखिएको समेत पाइयो । विद्यालय कर्मचारीको हकमा न्यून निकासा भएकोले त्यसमा समेत रकम थप्नु पर्ने देखियो । पाठ्यपुस्तक वापतको सरकारी आय ४.९३% भएको पाइयो भने व्यय तर्फ ४% मात्र भएको पाइयो । यो हुनुको कारण सामुदायिक विद्यालयले बढी विद्यार्थी संख्या देखाएर निकासा गरेको होकी भन्ने आसंका हुन्छ । खर्च तर्फ दैनिक भ्रमण भत्ता ब०.५६% रहेको छ । यो कुनै खास बढी नभएको देखिन्छ । आम्दानी तर्फ शुल्कादी ७.५८% मात्र देखिन्छ । यो सरकारी अनुदानको तुलनामा न्यून छ । राज्यले कक्षा १ देखि १० सम्म निशुल्क गरेकोले विद्यार्थीको मासिक शुल्कको रुपमा रकम लिएको पाइदैन । परीक्षा शुल्क, प्रमाणपत्र शुल्क, सिफारिस शुल्क आदिबाट मात्र सामान्य रकम लिएको देखिन्छ । प्रसासनिक अनुदान जम्मा आम्दानीको ०.६५% मात्र रहेको छ । वास्तवमै यो अनुदान विद्यार्थी संख्या र शिक्षक संख्याको आधारमा न्युन रहेको छ ।

आम्दानी तर्फ चन्दा तथा अन्य सहयोगमा ५.२७% देखिन्छ । आम्दानी अध्ययनमा परेका तीन वटै विद्यालयमा समान छैन । यो आम्दानीलाई अभिभावकको आयस्रोतलाई हेर्दा ठीकै मान्न सकिन्छ । तर पनि अभिभावकहरुको चेतनाको कमीले विद्यालयलाई सहयोग गर्ने कार्य सीमित अभिभावकमा मात्र रहेको पाइन्छ । निर्माण निकासालाई हेर्दा कुल आम्दानीको ६.५५% छ । निर्माण तथा मर्मत खर्चलाई हेर्दा जम्मा खर्चको १३.४८% रहेको देखिन्छ । जुन आम्दानीको तुलनामा ६.९३% बढी छ । त्यसो हुनुको कारण विद्यार्थी संख्याको तुलनामा भौतिक सामग्रीको कमी छ । यो पूरा गर्न अन्य स्रोतबाट पनि खर्च गर्नु पर्ने भएकोले बढी देखिएको छ । शैक्षिक सामग्री स्टेसनरी र मसलन्दमा १.४९% खर्च भएको पाइन्छ । यसमा पनि शैक्षिक सामग्रीलाई मात्र खर्च भाग लाउदा ज्यादै न्यून देखिन्छ । यसको असर सिकाइ उपलब्धीमा पर्न गएको देखिन्छ । सिकाइ उपलब्धी बढाउन शैक्षिक सामग्री निर्माण तथा खरिदमा खर्च बढाउनु पर्ने हुन्छ ।

आम्दानीलाई हेर्दा छात्रवृत्ति बापत ३.२८% निकासा भएको देखिन्छ भने खर्च हेर्दा छात्रवृत्ति पोसाक र पुरस्कार बापत ३.८७% भएको देखिन्छ।  जुन रकम न्यून देखिन्छ।

SIP तथा एकमुष्ट अनुदान जम्मा आम्दानीको ४.८२% देखिन्छ। यसमा सामुदायिका विद्यालयहरु जो समुदायमा हस्तान्तरण भएका छन् त्यस्ता विद्यालयलाई विद्यार्थी संख्याको आधारमा दिइने रकम समेत यसैमा पर्दछ। विद्यालयमा देखिएका असिमित आवश्यकता पुरा गर्न यो रकम कमी भएको देखिन्छ।

व्याज तथा लगानीबाट साथै जग्गाबाट हुने आम्दानी कूल आम्दानीको ०.६२% छ। यो आम्दानी अध्ययन गरिएका तीन वटै विद्यालयमा समान देखिदैन। विद्यालयमध्ये काली उच्च मा.वि. सँगमात्र ४ विघा जग्गा रहेकोले यसको आम्दानी बढी देखिन्छ भने महेन्द्र मावि र लक्ष्मी उ.मा.वि.सँग उसको भवन रहेको जग्गा बाहेक अरु जग्गा देखिदैन। समग्रमा आम्दनी र खर्चलाई तुलना गरी हेर्दा सामुदायिक विद्यालयको वित्तीय व्यवस्थापन गर्न धेरै असहज देखिन्छ। विद्यालयका असिमित आवश्यकताहरु छन्। साथै प्रविधिको विकाससँगसँगै आवश्यकताहरुपनि बढी रहेका छन्। त्यसलाई पूरागर्न खर्च बढाउनु पर्दछ। जसको लागि आम्दानीका स्थायी स्रोतहरु बढाउनु पर्ने हुन्छ।

### ४.४ सामुदायिक माध्यमिक विद्यालयको वित्तीय व्यवस्थापनमा देखा परेका समस्याहरु

कुनै पनि संघ संस्थाले आर्थिक स्रोतका संकलन एवं त्यसको प्रभावकारी परिचालन गर्न सकेन भने अपेक्षित उपलब्धी हासिल गर्न सक्तैन। त्यसकारण कुनै पनि संघ संस्थाको पर्याप्त आर्थिक स्रोत र त्यसको समुचित व्यवस्थापन हुनु नितान्त आवश्यक छ। यस सन्दर्भमा स्रोतको उचित संकलन कसरी गर्ने र संकलित स्रोतको उचित तवरले कसरी व्यवस्थापन गर्ने भन्ने कुरा महत्वपूर्ण हुन आउँछ।

सामुदायिक विद्यालयहरुको आर्थिक स्रोतको पहिलो बाटो भनेको सरकारी अनुदान हो भने दोस्रो समुदाय र अन्य संघ संस्थाहरु हुन्। यो कुरा माथिका तथ्याङ्कहरुले पनि देखाइसकेको छ। तैपनि त्यस्ता समुदायद्वारा  व्यवस्थापन गरिएका विद्यालयहरुमा स्रोत व्यवस्थापनमा के कस्ता समस्याहरु देखा परेका छन् ? ती समस्याको कारण के हुन सक्छ ? र त्यसलाई कसरी समाधान गर्न सकिन्छ भन्ने जस्ता विषयमा विद्यालयका प्र.अ. शिक्षक, वि.व्य.स. पदाधिकारीसँग अन्तर्वार्ता, विद्यालय सर्वेक्षण फाराम र छलफलबाट प्राप्त

तथ्याङ्कको आधारमा विद्यालयको स्रोत व्यवस्थापनमा देखा परेका समस्या र तिनको कारणलाई निम्नानुसार विश्लेषण गरिएको छ ।

### ४.४.१ अभिभावकहरुको आर्थिक अवस्था

नेपालमा ३१ प्रतिशत जनता गरिवीको रेखामूनि रहेका छन् । त्यसमध्ये कूल गरिवको संख्यामध्ये ८० प्रतिशत ग्रामिण र २० प्रतिशत शहरी क्षेत्रमा बस्ने गर्दछन् ( के.त.वि., २०५९) । नेपालमा नीजि विद्यालयको स्थापना भएका क्षेत्रमा रहेका सामुदायिक विद्यालयमा अध्ययन गर्ने आधाभन्दा बढी बालबालिकाको अभिभावकको आर्थिक अवस्था कमजोर रहेका पाइन्छ । प्रस्तुत सन्दर्भ अनुसार छनौट गरिएका विद्यालयमा आर्थिक अवस्था कमजोर भएका पारिवारिक पृष्ठभूमिका विद्यार्थीहरुको बाहुल्यता रहेकोले अभिभावकबाट आर्थिक सहयोग जुटाउन नसकिएको कुरा सम्बन्धित क्षेत्रका अभिभावकहरुसँगको अन्तर्वार्ता र छलफलबाट प्राप्त भयो । अध्ययनको क्रममा छनौट गरिएका तीनवटै विद्यालयमा कृषि, व्यपार, वैदेशिक रोजगार र दैनिक ज्यालादारी गर्ने अभिभावकका छोराछोरीहरु लक्ष्मी उ.मा.वि. र महेन्द्र मा.वि.मा पाइयो । त्यस्तै गरी काली उ.मा.वि.मा पनि कृषि तथा व्यपारीका छोराको आधिक्य पाईयो । जातिगत हिसावमा भन्दा तीनवटै विद्यालयहरु जनजातिहरुको बाहुल्यता देखिन्छ भने बाहुन, क्षेत्री र दलित जातिका संख्या २५ प्रतिशतको हाराहारीमा देखिन्छ । जनजातिको हिसाव हेर्दा राई, लिम्बू र धिमाल जातिको आधिक्य देखिन्छ भने दलित जातिको आधिक्य चाहि बढि मात्रमा प्राथमिक तहमा रहेको पाइन्छ ।

यसै सिलसिलामा लक्ष्मी उ.मा.वि.का प्राचार्य अगाडि भन्नुहुन्छ- “अन्य विद्यालयका तुलनामा यस विद्यालयमा व्यपारी वर्गका र वैदेशिक रोजगारीका केटाकेटी अध्ययन गर्ने भएकोले वेला वेलामा विद्यालयमा सञ्चालन गरिने आर्थिक अभियान (चन्दा संकलन) मा सहयोगको हात राम्रैसँग अगाडि बढेको पाइन्छ । तर सवै भिभावहरुको आर्थिक अवस्था र विद्यालय प्रतिको धारणा एकै प्रकारको नहुने भएको हुँदा केही समस्या भने नपर्ने होइन । महेन्द्र मा.वि.का प्रधानाध्यापक भन्नुहुन्छ - “केही वर्ष पहिले विद्यालयले भवन निर्माणको लागि अभिभावकसँग केही आर्थिक सहयोग अनिवार्य गर्न खोजिएको तर सोही आर्थिक सहयोग गर्न नसक्ने अवस्था जनाएर केही अभिभावकहरुले आफ्ना छोराछोरीलाई यस विद्यालयमा नपढाई अन्यत्र लाने, घुर्की पनि लगाए ।” यहाँ अधिकांश बालबालिका कोला खेती , तरकारी खेती, कुखुरा पालक र वैदेशिक रोजगारमा लाग्ने अभिभावक रहेका छन् ।

उहाँ अगाडि थप्नुहुन्छ समाजका अलीसचेत वर्गका छोराछोरीहरु अंग्रेजी माध्यमको मोहले निजी विद्यालय तर्फ आकर्षण बढ्दै गएको हुँदा पहिलेको तुलनामा सामुदायिक विद्यालयमा विद्यार्थीको संख्या घट्ने क्रम बढ्दो भएकोले यसलाई मध्यनजर गरि प्रा.वि.तहमा नर्सरी देखि कक्षा ४ सम्म अंग्रेजी माध्यमबाट शिक्षा सुरु गरेयता विद्यार्थी संख्या बढेको छ।

### ४.४.२ उपलब्ध स्रोतको अधिकांश रकम तलवभत्तामा खर्चको कमी

सामान्यतया चालु खर्च र पूँजीगत खर्चको अनुपात ७०:३० हुनुपर्छ। शैक्षिक गुणस्तर विकास एवं पहुँच बढाउन पूँजीगत खर्चमा ठूलो रकम खर्च गर्नुपर्ने हुन्छ। तवमात्र ग्रामीण क्षेत्रका गरिव बालबालिकाले शिक्षाको अवसर प्राप्त गर्दछन्। तर यसको विपरित नेपालका अधिकांश सामुदायिक विद्यालयको चालु खर्चले उपलब्ध स्रोतको ठूलो हिस्सा ओगटेको पाइन्छ (लम्साल, २०६६) छनौटमा परेका तीनवटै विद्यालयहरुमा सरकारी दरवन्दी कम भएको कारण निजि स्रोतमा विद्यालयले शिक्षक राखेको पाइयो। लक्ष्मी उ.मा.वि. मा ३२ जना कर्मचारीहरुमध्ये ५ जना निजी, ६ जना बालशिक्षा, २० जना सरकारी दरवन्दीमा २ जना उ.मा.वि. दरवन्दीमा रहेका छन्। जसमध्ये स्थायी १३ जना र बाँकी अस्थायी रहेका देखिन्छन्।

### ४.४.३ स्थानीय निकाय संघ संस्थाबाट हुन गएको बढी सहयोग

छनौटमा परेका विद्यालयहरुको आम्दानीको स्रोतको विवरणलाई हेर्दा तीनवटै विद्यालयहरुमा स्थानीय निकाय एवम् अन्य संघ संस्थाले गरेको सहयोगलाई सन्तोष मान्नुपर्ने ठाउँ देखिन्छ। यस मामिलामा वैदेशिक रोजगार (हङकङ र बेलायतबाट) श्री लक्ष्मी उ.मा.वि.लाई बढी सहयोग भएको पाइन्छ भने काली उच्च मा.वि.लाई र महेन्द्र मा.वि.लाई स्थानीय सहयोग बढी भएको पाइन्छ।

### ४.४.४ समुदायमा अभिमुखिकरण कार्यक्रमको अभाव

अभिभावकहरुको अन्तर्वार्ता र छलफलबाट उनीहरुमा विद्यालयको व्यवस्थापन, समुदाय प्रति शिक्षक तथा अभिभावकको चासो कम देखिएको पाइन्छ। यसो हुनुको मुख्य कारण सोध्दा उनीहरुको दुवैको आफ्नो स्वार्थ लुकेको पाइन्छ। शिक्षकहरुमा विद्यालय समुदायमा हस्तान्तरण गर्दा आफ्नो सेवा सुविधामा कटौती हुने अभिभावकको दवावमा

रहनुपर्ने र सेवाको सुरक्षाको प्रत्याभूति नहुने भन्ने पाइयो भने अभिभावकहरु बढिमात्रमा आर्थिक भार बढ्न जाने चिन्ताले घर गरको पाइयो ।

### ४.४.५ व्यवस्थापकीय सीपको अभाव

छनौटमा परेका विद्यालयका वि.व्य.स. र शि.अ.स.का पदाधिकारीहरुसँग विद्यालयको स्रोत व्यवस्थापनमा रहेका समस्याहरु सम्बन्धमा गरिएको छलफल र अन्तर्वार्ताबाट व्यवस्थापकीय सीप राम्रै रहेको पाइयो । तीन वटै विद्यालय मध्ये २ वटामा मा.वि. सञ्चालन भएको र एउटामा मा.वि. सञ्चालन भएको हुँदा शिक्षकहरु योग्य र दक्ष छनोट भएका र त्यस्ता शिक्षकहरुलाई राय सुझाव दिन त्यस अनुसारको व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ तथा सल्लाहकारहरुको नियुक्ति गर्नु पर्ने तर विद्यालय व्यवस्थापन समितिमा आउनका लागि विद्यार्थीको अभिभावक हुनै पर्ने भएकोले समाजसेवी, चन्दा दाता योग्यता उच्च भएको व्यक्ती विद्यालय व्य.स.को अध्यक्षमा आउन नसक्ने भएकोले योजना निर्माणमा प्र.अ.को भूमिका बढि रहेको सम्बन्धित प्र.अ.हरु बनाउनुहुन्छ । तसर्थ उहाँहरुको विद्यालयको वित्तीय योजना निर्माण देखि त्यसको कार्यान्वयन तह सम्म प्रत्यक्ष असर पर्ने हुँदा उनीहरुलाई समय समयमा व्यवस्थापन सम्बन्धी तालिमको आवश्यकता भएको देखिन्छ ।

### ४.४.६ राजनितिक अन्यौलता

विद्यालयमा अनावश्यक राजनितिक खिचातानिका कारण स्रोत संकलन र परिचालनमा समस्या परेको कुरा अन्तर्वार्ता र छलफलबाट प्रष्ट भयो । विशेषतः वि.व्य.स.को गठन प्रक्रिया देखि नै विभिन्न राजनितिक बादको लबिङ हुने गरेको पाइयो जसले गर्दा छानिएका प्रतिनिधिहरुले सबै समुदायको विश्वास जित्न त्यति नसकेको देखिन्छ । त्यसैले जुनसुकै विद्यालयको वि.व्य.स. तथा शिक्षक अभिभावक संघको छनौटमा पारदर्शिता र राजनितिक हस्तक्षेत्रपको गन्धबाट रहनु पर्ने हुन्छ  तर हाल देशको राजनितिक परिस्थितिले गर्दा यो कुरा आकासको फल आँखा तरी मर भन्ने उखान बन्न गएको छ । जसको प्रत्यक्ष मारमा भोलिका कर्णाधारहरुमा पर्न गएको पाइन्छ । विद्यालयको स्रोत व्यवस्थापनमा राजनितिकवाद हावी हुँदा उनीहरु विचैमा सहकारी र एकतामा आँच आउने कुरामा दुई मत नहोला । विद्यालयले बाह्य संघ सस्थाबाट अपेक्षित सहयोग गुम्न सक्ने हुन्छ ।

### ४.५ आर्थिक व्यवस्थापनलाई चुस्त बनाउने उपायहरु

अध्ययनको क्रममा विद्यालयको आर्थिक व्यवस्थापनमा देखा परेका समस्यालाई कसरी समाधान गर्न सकिन्छ भन्ने सन्दर्भमा विद्यालयमा प्र.अ., वि.व्य.स., अभिभावक, शिक्षक एवम् शिक्षक अभिभावक संघको पदाधिकारीहरुसँग गरिएको अन्तर्वार्ता र छलफलबाट प्राप्त धारणालाई निम्नानुसार रुपमा प्रस्तुत गरिएको छ ।

विद्यालयको आर्थिक स्रोत व्यवस्थापनमा देखा परेको समस्याको मुख्य कारण सवल आर्थिक हैसियत भएका अभिभावकको बाहुल्यता कम हुनु हो । यसकारण अभिभावकरुम आयवृद्धि कार्यक्रम चलाई अभिभावकको आर्थिक स्थितिमा सुधार ल्याउने प्रयास सम्बन्धित निकायबाट गर्नुपर्ने देखिन्छ । विद्यालय सञ्चालनको लागि सरकारी अनुदानलाई अझ प्रभावकारी बनाउदै स्थानीय निकाय गा.वि.स., जि.वि.स.ले आफ्नो आम्दानीको निश्चित प्रतिशत रकम शिक्षामा खर्च गर्ने नीति बनाउनुको साथै विभिन्न सहयोगी संस्थाहरुको पहिचान गरी तिनीहरुसँग समन्यय एवम् सहकार्य गरेमा विद्यालयको लागि थप वित्तीय स्रोत जुटाउन सकिने देखिन्छ ।

विद्यालयका हरेक क्रियाकलापको बारेमा जानकारी पाउनु सरोकारवालाको अधिकार र जानकारी दिनु विद्यालयको दायित्य हो । त्यसैले विद्यालयमा भएगरेका सबै कुराहरुको जानकारी दिन समय-समयमा अभिभावक भेला बार्षिक रुपमा विद्यालयको वार्षिक उत्सव र अन्य सरोकारवाला निकायहरुबीचमा अन्तरक्रिया गर्ने गर्नुपर्दछ  जसले विद्यालय र समुदायबीच सम्बन्ध विस्तार भई वित्तीय स्रोत व्यवस्थापनलाई प्रभावकारी बनाउन थप मद्दत गर्दछ । यसैगरी विद्यालय सञ्चालन गर्ने दायित्य सरकारको मात्र नभइ स्थानीय समाज एवं स्थानीय निकायको पनि हो भन्ने कुराको बोध गराउन जनचेतना जगाउनु पर्दछ । यसले गर्दा विद्यालयको उचित सञ्चालन, रेखदेख र व्यवस्थापन गर्ने जिम्मेवारी केवल सरकारको मात्र नभइ स्थानीय समाजको पनि हो भन्ने कुरा अवगत हुन जान्छ जसले स्रोत संकलन र परिचालन व्यवस्थित हुने देखिन्छ ।

विद्यालयको आर्थिक स्रोत व्यवस्थापनको सन्दर्भमा प्र.अ., वि.व्य.स. र शि.अ. संघको समन्वय सीप, कार्यक्षमता एवम् व्यवस्थापन सीपमा प्रश्न चिन्ह लागेको हुँदा उनीहरुलाई अनिवार्य रुपमा व्यवस्थापन सम्बन्धी तालिम प्रदान गरी त्यसको कार्यान्वयन पक्षको सम्बन्धित निकायबाट निरन्तर अनुगमन हुनु जरुरी देखिन्छ । स्रोत बृद्धिको लागि स्थानीय निकायसँग समन्वय गरी ऐन कानुनमा नै शिक्षा कर उठाउने व्यवस्था गर्नु राम्रो हुने

देखिन्छ । यसैगरी समुदायलाई विद्यालयको हस्तान्तरण गर्नुभन्दा अगाडि उनीहरुको अधिकार, दायित्व र जवाफदेहिता सम्बन्धमा स्पष्ट जानकारी गराउनु पर्ने देखिन्छ ।

विद्यालयको वित्तीय स्रोत संकलनको लागि चाडपर्वको अवसरमा सांस्कृतिक एवं सृजनशील कार्यक्रम आयोजना गर्नुपर्दछ । यसरी समय-समयमा गरिने सांस्कृतिक लगायत अन्य कार्यक्रमले एकातर्फ विद्यालयलाई आर्थिक राहत हुन्छ भने अर्कोतर्फ संस्कृतिको संरक्षण हुनाको  साथै विद्यालय र समुदायबीच सम्बन्ध विस्तार गर्न मद्दत पुग्दछ । समुदायमा उल्लेखनीय कार्य गरी प्रतिष्ठा कमाएका व्यक्तिहरुलाई विद्यलाय व्यवस्थापनको नेतृत्वमा ल्याउनको लागि ऐन, नियममा नै स्पष्ट छनोटको आधार तय गर्नु पर्दछ, जसले गर्दा नेतृत्व पंक्तिले सबैको विश्वास जित्ने हुँदा स्रोत व्यवस्थापन गर्न सहज हुनेछ । विद्यलायको विकासको लागि हरतरहले सहयोग पुऱ्याउने व्यक्तिहरुलाई विशेष कार्यक्रम गरी सम्मान गर्ने गर्नुपर्दछ यसबाट उनीहरुमा थप सहयोग गर्ने उत्साह जाग्ने हुँदा विद्यालयले थप सहयोग पाउने देखिन्छ ।

# परिच्छेद पाँच : प्राप्ति, निष्कर्ष र सुझावहरु

यस परिच्छेदमा अध्ययनको प्राप्ति, निष्कर्ष र सुझावहरु समेटिएको छ । समुदायीकमा माध्यमिक विद्यालयहरुको वित्तीय स्रोत व्यवस्थापनको अवस्था, स्रोत व्यवस्थापनमा रहेका समस्या, स्रोत व्यवस्थापनका सकारात्मक पक्ष र स्रोत व्यवस्थापनमा रहेका समस्या निराकरणका उपायहरु सम्बन्धमा अन्तरवार्ता, छलफल, विद्यालय सर्वेक्षण एवम् दस्तावेज अध्ययन आदिका माध्यमबाट प्राप्त तथ्याङ्कको आधारमा सुझावहरु प्रस्तुत गरिएको छ ।

## ५.१ प्राप्ति

सामुदायिक माध्यमिक विद्यालयको आर्थिक स्रोत व्यवस्थापनको अवस्था सुधारोन्मुख रहेको पाइयो तर अझैसम्म पनि सामुदायिक माध्यमिक विद्यालयको प्रमुख आम्दानीको स्रोतका रुपमा सरकारी अनुदान नै देखियो । विद्यालयले कुल आम्दानीको ७७.८८ प्रतिशत रकम सरकारी अनुदानबाट प्राप्त गरेको पाइयो । यसैगरी सामुदायिक स्रोतबाट २२.१२ प्रतिशत रकम प्राप्त गरेको पाइयो । सामुदायिक विद्यालयका आन्तरिक स्रोतको कमिले गर्दा विद्यालयहरुलाई सरकारी अनुदानमा भर पर्नु परेको पाइयो । यसबाट विद्यालयहरुलाई आवश्यक आर्थिक स्रोतको अभाव भइ आर्थिक स्रोत व्यवस्थापनमा समस्या परेको देखियो । विद्यालयहरुले प्राप्त गर्ने सरकारी अनुदानको अधिकांश रकम शिक्षक तलबभत्ता र अन्य प्रशासनिक कार्यमा खर्च गरेको पाइयो । शीर्षकगत रुपमा हेर्दा शिक्षक तलब भत्तामा ६३.३ प्रतिशत, शैक्षिक सामग्रीमा १.४९प्रतिशत निर्माण तथा शिक्षक तलब भत्ता र अन्य प्रशासनिक कार्यमा खर्च गर्नु परेको कारण शैक्षिक गुणस्तर निर्माणका लागि रकम अभाव रहेको पाइयो । विद्यालयले विद्यार्थीहरुबाट शुल्क असुल गर्न नपाउने भएकोले दिगो स्थानिय आर्थिक स्रोतको अभाव भएको पाइयो ।

अध्ययन गरिएका विद्यालयहरुले विद्यालयको समग्र विकासको लागि विद्यालय सुधार योजना निर्माण गरेको देखियो । उक्त योजनामा आर्थिक योजनालाई पनि प्राथमिकतामा राखेको पाइयो । विद्यालयले निर्माण गर्ने योजना कार्यक्रम, बजेट र कार्यान्वयन बीच राम्रै सन्तुलन मिलेको पाइयो । विद्यालयमा अन्तिम लेखापरीक्षण एवम् सामाजिक लेखा परीक्षण सम्बन्धमा सकारात्मक प्रयासको थालनी भएको देखिन्छ । यद्यपी स्रोत व्यवस्थापनलाई

प्रभावकारी बनाउन सामूहिक निर्णय प्रक्रिया एवम् सरोकारवाला बीचको समन्वयलाई प्राथमिकतामा राख्ने पाइयो ।

विद्यालयको स्थानीय स्तरमा सहयोग प्राप्त गर्ने मुख्य माध्यम स्थानीय समुदाय र अभिभावक नै हुन् तर सेवाक्षेत्रका समुदायको अभिभावकको बढी हैसियत भएका विद्यालय प्रति हुनुपर्ने जती चासो नराखिएकोले विद्यालयको आर्थिक स्रोत संकलनमा प्रत्यक्ष असर परेको पाइयो । एकातर्फ स्थानीय समुदायबाट आर्थिक सहयोग प्राप्त गर्ने ठूलो आधार नरहेको यथार्थता देखियो भने अर्कोतर्फ स्थानीय निकाय तथा गा.वि.स., जि.वि.स. र अन्य संघ संस्थाबाट अनिवार्य रुपमा शैक्षिक क्षेत्रमा रकम खर्च गर्नुपर्ने कानुनी बाध्यता रहेको पाइएन । शिक्षकहरुको तलब भत्ता र प्रशासनिक खर्चमा बढी रकम खर्चनुपर्ने स्थितिको कारण शैक्षिक गुणस्तरको लागि आवश्यक रकम खर्चगर्न नसक्दा अपेक्षित शैक्षिक उपलब्धी प्राप्त हुन नसक्ने अवस्था पाइयो । विद्यालयको व्यवस्थापनमा कुन व्यक्ति  र निकायको के कस्तो जिम्मेवारी र दायित्व हुने भन्ने सन्दर्भमा अन्योलता कायमै रहेको पाइयो । विद्यालयको विकासको लागि जिम्मेवार व्यवस्थापकहरुलाई योजना निर्माण, स्रोत संकलन र परिचालन सम्बन्धमा अनिवार्य रुपमा तालिम प्रदान गरेको खण्डमा विद्यालयको आर्थिक र शैक्षिक व्यवस्थापन पक्ष अझ बढि चुस्त हुने देखियो । विद्यालय व्यवस्थापनको लागि प्राविधिक सहयोग प्रदान गर्ने जिम्मेवार निकाय र व्यक्तिहरु आफ्नो दायित्वमा अझ बढि सचेत हुनु पर्ने देखिन्छ । विद्यालयको आर्थिक व्यवस्थापनलाई चुस्त बनाउने मुख्य मूमिका स्थानीय सरोकारवालाको भएता पनि यस कार्यमा राजनिति दलले यदाकदा समस्या खडा गरेको पाइयो ।

अध्ययन गरिएका विद्यालयमा व्यवस्थापनको जिम्मा लिएपछि वित्तीय स्रोत व्यवस्थापनमा सहभागिता बढेको पाइयो विद्यालयप्रति स्थानीय समुदायको अपनत्वको भावनामा विगतभन्दा सुधारउन्मुख देखियो । यही कारण विद्यालयका हरेक क्रियाकलापमा उनीहरुको चासो रहेको पाइयो । योजना निर्माण, वार्षिक बजेट, अन्तिम लेखापरीक्षणका साथै सामाजिक लेखा परीक्षणको कार्यलाई विद्यालयहरुले अवलम्बन गरेको पाइयो । यसबाट आर्थिक पारदर्शिता कायम भएको देखिन्छ । यस सम्बन्धमा अभिभावकहरु प्रायः सकारात्मक नै रहेको पाइयो । यसैगरी अभिभावकमा आयवृद्धि कार्यक्रम सञ्चालन, विद्यालय र स्थानीय संघ संस्थाबीचमा शैक्षिक उन्नतिको लागि हातेमालो कार्यक्रम सञ्चालन, विवादमुक्त नेतृत्व

चयन, एवम् व्यवस्थापनको कार्य गर्ने जिम्मेवार व्यक्तिहरुलाई व्यवस्थापकीय तालिम प्रदान आदि जस्ता कार्यहरु गर्न सकेमा विद्यालयको वित्तीय स्रोत व्यवस्थापन कार्यमा रहेका विद्यमान समस्या समाधान गर्न सकिने राय सरोकारवालाको रहेको पाइयो ।

अध्ययनको प्राप्तिलाई हेर्दा विद्यालयको वित्तीय व्यवस्थापनलाई अझ व्यवस्थित बनाउन विद्यालयका सरोकार निकायबीच आपसी सम्बन्ध विस्तार भएको पाइयो । विद्यालय र समुदाय बीचमा आपसी सम्बन्ध विस्तार हुनुको कारणबाट नै केही हदसम्म भएपनि विद्यालयहरुले स्रोत व्यवस्थापनलाई प्रगति उन्मुख बनाएको पाइन्छ । विद्यालयप्रति समुदाय वा अभिभावकहरुमा अपनत्वको भावना बढाउनु पर्ने अनिवार्यता देखिन्छ । यसरी विद्यालय र समुदायबीचमा प्रत्यक्ष सम्पर्कबाट समन्वय भएको अवस्था, त्यस्तैगरी विद्यालयमा उपलब्धी स्रोतबाट अधिकतम उपलब्धी हासिल गर्न वित्तीय योजना, कार्यक्रम र बजेट निर्माण गरी त्यसलाई प्रभावकारी कार्यान्वयन गर्न यथाशक्य सरोकारवालाबीचमा उचित पहल गरेको खण्डमा सामुदायीक विद्यालयहरुको स्तर वृद्धि हुने कुरामा दुईमत नहोला ।

## ५.२ निष्कर्ष

विद्यालयको वित्तीय स्रोत व्यवस्थापनको अध्ययन गर्दा सामुदायिक विद्यालयहरुको मुख्य आम्दानीको स्रोतका रुपमा सरकारी अनुदान रहेको देखियो । विद्यालयको कुल आम्दानीको ७७.८८ प्रतिशत सरकारी अनुदान र २२.१८ प्रतिशत रकम चन्दा सहयोग र अन्यबाट प्राप्त भएको देखिन्छ । यसैगरी कुल आम्दानीको ६३.३ प्रतिशत रकम तलबभत्तामा खर्च भएको देखिन्छ भने बाँकी ३६.७ प्रतिशत रकम मात्र विद्यालयको शैक्षिक तथा भौतिक व्यवस्थापनमा खर्च गरेको देखिन्छ । अधिकांश दलित तथा जनजातिको अपेक्षित आर्थिक अवस्था कमजोर भएका बालबालिकाहरु हुनु, विद्यालय प्रति अभिभावकहरुको सकारात्मक धारणाको केही कमी, सरकारी अनुदानमा कमी, स्थानीय निकाय एवम् गैर सरकारी संघ संस्थाहरुले गर्ने सहयोगमा कमी विद्यालयले मासिक शुल्क उठाउन नपाउनु विद्यालयको आन्तरिक स्रोत यथोचित रुपमा नहुनु आदि जस्ता कारणले वित्तीय स्रोत संकलन कार्यले आशातित सफलता प्राप्त गर्न सकेको देखिदैन । यसैगरी विद्यालयको नेतृत्व पक्षको व्यवस्थापकीय सीप आवश्यक मात्रामा नहुनु जस्ता कारणले पनि वित्तीय स्रोत व्यवस्थापनमा तिव्रता आउन नसकेको देखिन्छ । यस्ता विविध कठिनहरुका बाबजुद पनि

केही हदसम्म भए पनि विद्यालयले बचत गर्नुलाई विद्यालयको आर्थिक व्यवस्थापनमा विभिन्न चुनौतिहरु माझपनि आशालाग्दो सम्भावना रहेको पाइन्छ ।

समग्र निष्कर्षमा सामुदायिक विद्यालयहरुप्रति समुदाय तथा अभिभावकको सकारात्मक सोचको विकास गराउन विद्यालय व्यवस्थापन, स्रोत व्यक्ति, जि.सि.का. तथा शिक्षासँग सरोकारवाला सबैले समान चासोजगाई समय समयमा सो सम्बन्धी जनचेतना जगाउन भेला तथा गोष्ठीहरुको आयोजना गर्नु पर्ने देखिन्छ । यसबाट अभिभावकहरुको सामुदायिक विद्यालय प्रति सकरात्मक सोचको निर्माण गर्न सकिने देखिन्छ ।

## ५.३ सुझावहरु

सामुदायिक माध्यमिक विद्यालयहरुको आर्थिक स्रोत व्यवस्थापन सम्बन्धमा गरिएको अध्ययनको आधारमा निकालिएको प्राप्ति अनुसार भविष्यमा नितिगत तहमा लिनुपर्ने निर्णयहरु, अभ्यास तहमा गर्नुपर्ने कार्यहरु र अनुसन्धान तहमा थप ज्ञान हासिल गर्नुपर्ने देखिएकोले निम्नानुसार सुझाव प्रस्तुत गरिएको छ ।

### ५.३.१ नितिगत तह

सामुदायिक विद्यालयहरुमा विद्यार्थी संख्या र शिक्षक संख्याको बीचमा तालमेल हुन नसक्दा कतिपय प्रा.वि.मा शिक्षकहरुलाई बढी भार देखिन्छ । कतिपय विद्यलायमा विद्यार्थी संख्या कम भएको कारणले शिक्षक बढी लिज पिरियडमा बस्नुपर्ने देखिन्छ । विषयगत शिक्षक दरबन्दी मिलानको अभाव रहेको समेत देखिन्छ । त्यसैले दरवन्दी मिलानलाई शिक्षा मन्त्रालयले मुख्य एजेण्डा बनाएको खण्डमा एकातिर माथिका समस्याहरु हल हुन जान्छ भने अर्कोतिर सरकारलाई आर्थिक भारमा पनि हल्का हुन जान्छ ।

लगानी असन्तुलनलाई घटाउन विद्यार्थी संख्यालाई आधार मानेर प्रति विद्यार्थी लागतको (PCF) आधारमा अनुदान दिने प्रावधानलाई कडाइका साथ लागू गर्नुपर्दछ । विद्यालयहरु सरकारी अनुदानमा मात्र भर पर्ने स्थितिलाई हटाउन स्थानीय निकायहरु जस्तै : गा.वि.स., न.पा. र जि.वि.स.ले आफ्नो आम्दानीको केही प्रतिशत रकम अनिवार्य रुपमा शिक्षा क्षेत्रमा खर्च गर्नुपर्ने व्यवस्था गर्नुपर्दछ । विद्यालयको वित्तीय व्यवस्थापनलाई प्रभावकारी बनाउन व्यवस्थापकीय तालिम अनिवार्य रुपमा प्रदान गर्नुपर्दछ ।

यसैगरी विद्यालयको अनुगमन मूल्याङ्कनको आधारमा थप कार्यक्रम तय गर्नुपर्ने देखिन्छ । विद्यालयको शैक्षिक स्तर उकास्न नागरिकहरुलाई शैक्षिक कर लगाई पारदर्शी रुपमा त्यसको बाडफाँड तथा परिचालन गरेमा राम्रो हुने थियो । गा.वि.स.ले पनि निकाशी कर लगाउँदा त्यसको केहिभाग शिक्षामा छुट्याएर शिक्षामा लगानी बढाउन सके अझ राम्रो हुने थियो ।

### ५.३.२ अभ्यास तह

विद्यालयका हरेक क्रियाकलापको बारेमा जानकारी पाउनु सरोकारवालाहरुको अधिकार र जानकारी दिनु विद्यालयको दायित्व हो । त्यसैले विद्यालयमा भए गरेका सवै कुराहरुको जानकारी दिन समय समयमा अभिभावक भेलाको अतिरिक्त अन्य सरोकार निकाय बीचमा अन्तरक्रिया गर्नु पर्दछ । जसले विद्यालय र समुदाय बीचमा सम्बन्ध विस्तार भै वित्तीय स्रोत व्यवस्थापनमा प्रभावकारीता आउछ । अभिभावकहरुमा विद्यालय एक समुदायद्वारा सञ्चालन हुने एकाइ हो भन्ने भावना जागृत गराउन अभिभावक सचेतना कार्यक्रम सञ्चालन गर्नुपर्दछ । अभिभावकसँग बेला बेलामा छलफल र अन्तरक्रिया सञ्चालन गर्नु पर्दछ । विद्यालयले विभिन्न सरकारी तथा गैर सरकारी सहयोगी संस्थाहरुको पहिचान गरेर उक्त संस्थाहरुसँग समन्वय एवम् सहकार्य गरेमा विद्यालयले थप वित्तीय स्रोत जुटाउन सक्ने देखिन्छ । त्यसैगरी विभिन्न गैर सरकारी संस्थाहरुले गर्ने सहयोगको प्रभावकारी परिचालनको सुनिश्चितता प्रदान गर्न सकेमा थप सहयोग जुटाउन सकिन्छ । विद्यालयको लागि सहयोग गर्ने व्यक्ति र संस्थाहरुको कदर गर्ने वातावरण निर्माण गर्नु पर्दछ । जसबाट भविष्यमा विद्यालयलाई थप सहयोग पाउने बलियो संभावना रहन्छ । विद्यालयको स्रोत व्यवस्थापनमा देखिएको समस्याको मुख्य कारण कमजोर आर्थिक हैसियत भएका अभिभावकको बाहुल्यता पनि हो । यसका लागि एकिकृत ग्रामिण विकासको अवधारणा अनुरुप विभिन्न सस्थाहरुसँग सहकार्य गरी आय वृद्धिका कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ ।

### ५.३.३ अनुसन्धान तह

यस अध्ययनबाट सामुदायिक विद्यालयको वित्तीय स्रोत व्यवस्थापन सम्बन्धमा निम्न विषय वस्तुको खोजी गर्नुपर्ने देखिन्छ ।

नेपालमा अझै पनि सामुदायिक विद्यालयहरु सरकारी अनुदानमा नै भर पर्नुपर्ने स्थिति रहेको छ । विद्यालयहरुले स्थानीय निकाय र संघ संस्थाबाट अपेक्षित उपलब्धि प्राप्त

गर्न नसक्नुको कारण के हो ? व्यवस्थापकीय कमजोरी हो वा अन्य कारण स्थानीय निकायहरु किन विद्यालयलाई सहयोग गर्न चाहदैनन? यो अनुसन्धानको विषय बन्न पुगेको छ । यसै गरी सामुदायिक विद्यालय प्रति समुदाय वा अभिभावकको धारणा परिवर्तन हुन सकेको छैन । अझै पनि सामुदायिक विद्यालयको विकास गर्ने दायित्व सरकारको हो भन्ने धारणा रहेको देखिन्छ । विद्यालयमा विकेन्द्रीकरणको निति प्रभावकारी देखिएता पनि अझै स्थानीय स्तरमा अन्योलको स्थिति भने यथावत नै रहेको देखिन्छ । यो स्थिति आउनुको कारण के हो ? खोजी गर्नु आवश्यक देखिन्छ । यसै गरी समुदायद्वारा व्यवस्थापन गरिएका विद्यालयको वित्तीय लगानी र शैक्षिक उपलब्धि, वित्तीय पारदर्शिता सम्बन्धमा थप अनुसन्धान गर्नु आवश्यक देखिन्छ । सामुदायिक विद्यालयमा सम्पूर्ण निति निर्माण तह देखि जान्ने बुझ्ने हैसियत भएकाहरुको छोराछोरीहरुलाई निजि विद्यालयमा पढाउने गरेको कारण खोजी गर्नु पर्ने देखिन्छ । कारण खोज्दा घर धुरीको आधारमा मत सर्वेक्षण गरी सेवा क्षेत्र भित्र रहेका अभिभावकहरु के कारणले सामुदायिक विद्यालय भन्दा संस्थागत विद्यालय तिर आकर्षण भएका छन् । त्यो पत्ता लगाइ त्यसको निराकरणको उपाय प्रयोग गर्नुपर्ने अवस्था टडकारो देखिन्छ ।

# सन्दर्भ सामग्री


उप्रेती, .....(२०६६), सञ्चार अनुसन्धान पद्धती र अभ्यास, काठमाडौं : साझा प्रकाशन ।

काफ्ले, बासुदेव र साथीहरु (२०६०), शैक्षिक प्रशासन र सुपरीवेक्षण, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

काफ्ले, बासुदेव, यादव शर्मा र कृष्णप्रसाद अधिकारी (२०६४), शिक्षाको वित्तशास्त्र, काठमाडौं : सनलाईट पब्लिकेशन ।

के.सी., नारायणी (२०६५), समुदायद्वारा व्यवस्थापन गरिएका विद्यालयहरुको स्रोत संकलन र उपयोगको अध्ययन, अप्रकाशित शोधपत्र, शैक्षिक योजना तथा व्यवस्थापन विभाग ।

खनाल, पेशल (२०६१), शैक्षिक अनुसन्धान पद्धति, काठमाडौ : स्टुडेन्ट बुक्स पब्लिसर्स एण्ड डिस्ट्रिव्युटर्स ।

खनाल, मुकन्दमणि (२०६१), शिक्षामा लगनी, शिक्षक शिक्षा, (सिन्हा र अन्यद्वारा सम्पादित), भक्तपुर : शैक्षिक जनशक्ति विकास केन्द्र, भक्तपुर ।

खनाल, मुकन्दमणि र आचार्य सुशन (२०६३), शिक्षाको वित्तीय अर्थशास्त्र, काठमाडौं : मकालु प्रकाशन गृह ।

मुडवरी (२०६३), अनुसन्धान पद्धति, काठमाडौ : जुपिटर प्रकाशन तथा वितरक प्रा.लि.।

तामाङ, छत्र (२०६७), माध्यमिका विद्यालयमा लागत अनुमान विश्लेषण, अप्रकाशित शोधपत्र, सुकुना बहुमुखी क्याम्पस ।

थापा, विजयकुमार (२०५५), विद्यालय शिक्षामा लगानी र प्रतिफल, विकासको निम्ति शिक्षा : त्रि.वि. शिक्षा विकास तथा अनुसन्धान केन्द्र ।

धिताल, जीवनाथ (२०६६), शैक्षिक गुणस्तरियता र लगानीका नीतिगत पक्षहरु, विकासका निम्ति शिक्षा, काठमाडौ : सेरिड ।

नेपाल, जनार्दन (२०६४), नेपालको शिक्षा प्रणाली, चुनौति र संभावना, काठमाडौ : चन्दावती नेपाल ।

प्रसाइ, गणेशकुमार (२०६६), सामुदायिक प्रथमिक विद्यालयहरुमा आर्थिक स्रोत व्यवस्थापन प्रक्रिया, अप्रकाशित शोधपत्र, सुकुना बहुमुखी क्याम्पस ।

लम्साल, हरिप्रसाद (२०६६), विद्यालयको लागि अनुदान निर्धारण प्रक्रिया : अभ्यास र सम्भावना, विकाशको निम्ति शिक्षा, काठमाडौ : सेरिड ।

शैक्षिक जनशक्ति विकास केन्द्र (२०५०), प्राथमिक विद्यालयका प्रधानाध्यापकका लागि सक्षमतामा आधारित व्यवस्थापन तालिम निर्देशिका, भक्तपुर : लेखक ।

शिक्षा विभाग (२०६३), समुदायद्वारा व्यवस्थापन हुने विद्यालय संचालन कार्य निर्देशिका २०५९ : सानोठिमी, भक्तपुर ।

Bell, P.W & M.P Todoro (1978). Economic Theory , Delhi : Oxford University Press.

Berger A.(2000). Media and Communication Research Methods and Introduction to Qualitative and Quantitative Approaches. Sage Publication.

Cerid (2004). Management Transfer of Community School. Kirtipur : Formative Research Project. s

Koul, Lokesh (1984). Methodology of educational of Research. New Delhi: Vikash Publishing house.

Tripathi, B.R. (2003). What has been the experiences of Being of Female Teacher? M. Phil. Thesis Submitted to Danish University of Education : copenhagan, Denmark.

# परिशिष्टहरु

## सामुदायिक विद्यालयको वित्तीय व्यवस्थापन

परिशिष्ट - १

विद्यालय व्यवस्थापन समितिका पदाधिकारीका लागी अन्तरवार्ता प्रश्नावली

विद्यालयको नाम : मिति

नाम : पद :

१. तपाइको विद्यालयको आर्थिक स्रोतहरु के-के हुन् ?

२. तपाइले विद्यालयको आर्थिक स्रोतको मुख्य आधार केलाई पाउनु भएको छ ?

३. विद्यालयको आर्थिक स्थितिमा सुधार ल्याउन वि.व्या.स.ले कस्ता कार्यक्रमहरु गर्दै आइरहेको छ ?

४. तपाइले विद्यालयको आर्थिक योजना तथा व्यवस्थापन सम्बन्धि कुनै तालिम लिनुभएको छ वा छैन ?

५. विद्यालयको आर्थिक स्रोत व्यवस्थापन सम्बन्धी कार्यमा समुदायको के-कस्तो सहयोग पाउनु भएको र कसरी ?

६. विद्यालयप्रति समुदायको धारणा कस्तो पाउनु भएको छ ?

७. विद्यालयको आर्थिक पारदर्शिता चित्त बुझ्दो छ कि छैन ?

८. विद्यालयको आर्थिक स्रोत संकलन र परिचालनमा के-कस्ता समस्याहरु देखा परेका छन्?

९. उपर्युक्त समस्याहरु समाधान गर्न क-कसले के-के गर्नु पर्ला ?

१०. यस विद्यालयको सन्दर्भमा समस्या समाधानमा के के गरिएका छन् ?

११. अन्तमा विद्यालयको वित्तीय स्रोत व्यवस्थापनलाई अझ प्रभावकारी बनाउन के कस्तो कार्य गर्नु पर्ला जस्तो लाग्छ ? यस सम्बन्धमा तपाईको केही सुझाव छ कि ?

# सामुदायिक विद्यालयको वित्तीय व्यवस्थापन

परिशिष्ट - २

प्रधानाध्यापकको लागि अन्तर्वार्ता प्रश्नावली

विद्यालयको नाम : मिति

नाम : पद :

१. यस विद्यालयमा तपाइले प्रधानाध्यापकको जिम्मेवारी सम्हाल्नु भएको कति भयो ?

२. विद्यालय सञ्चालनका लागि यस विद्यालयका आम्दानीका स्रोतहरु के के हुन् ?

३. यस विद्यालयले आर्थिक स्रोत संकलन र परिचालनमा समुदायको कस्तो सहयोग पाउनु भएको छ ?

४. यो विद्यालयको व्यवस्थापन समुदायमा हस्तान्तरण कहिले देखि भयो ?

५. सरकारी अनुदानका स्रोतहरु के के हुन् ?

६. गैरसरकारी क्षेत्रबाट प्राप्त सहयोग कस्तो छ ?

७. विद्यालयलाई प्राप्त सहयोगको उपयोग कसरी गर्नु भएको छ ?

८. वित्तीय स्रोत संकलन एवम् परिचालनलाई प्रभावकारी बनाउन के कस्ता प्रयासहरु गर्नुभएको छ ?

९. विद्यालयको वित्तीय योजना निर्माणमा स्थानीय सरोकारवालाको सहभागिता गराउने गरेको छ, यदि छ भने कसरी ?

१०. विद्यालयको आर्थिक व्यवस्थापनलाई पारदर्शी बनाउन के कस्ता कार्य गर्नु भएको छ ?

११. आर्थिक प्रतिवेदन वार्षीक रुपमा अभिभावकमा राख्ने गरेको छ वा छैन ?

१२. के तपाइले आर्थिक व्यवस्थापन सम्बन्धी कुनै तालिम लिनु भएको छ ?

१३. विद्यालयले आर्थिक व्यवस्थापन गर्दा के के कुरालाई संयोजन गर्दछ ?

१४. विद्यालयको आर्थिक स्रोत व्यवस्थापनका क्रममा के कस्ता समस्याहरु सामना गर्नु परेको छ ?

१५. विद्यालयको आर्थिक स्रोत व्यवस्थापनलाई अझ प्रभावकारी बनाउन के के गर्नु पर्ला ? यस सम्बन्धमा तपाइको केही सुझाव छ कि ?

१६. वर्षमा कति पटक अभिभावकसँग अन्तर क्रिया हुन्छ ?

# सामुदायिक विद्यालयको वित्तीय व्यवस्थापन

परिशिष्ट - ३

शिक्षकको लागि अन्तर्वार्ता प्रश्नावली

विद्यालयको नाम : सेवाको प्रकार:

शिक्षकको नाम : सेवा अवधि :

१. यस विद्यालयको आर्थिक स्थिति कस्तो छ ?

२. विद्यालयको लागि आवश्यक स्रोत जुटाउन तपाइ कतिको सहभागी हुनुहुन्छ ?

३. यस विद्यालयले आर्थिक स्रोत संकलन र परिचालन कसरी गरेको छ ?

४. विद्यालय र समुदायको सम्बन्ध कस्तो रहेको छ ?

५. विद्यालयको व्यवस्थापन समुदायले लिए पश्चात केही समस्या परेको छ ? छ भने के समस्या परेको छ ?

६. विद्यालयको आर्थिक पक्षलाई मजबुत गराउन के गर्नु पर्ला ?

७. तपाइ आफ्नो पेशा प्रति सन्तुष्ट हुनुहुन्छ ?

८. विद्यालय व्यवस्थापन समितिले राखेको आर्थिक योजनामा तपाइ के कस्ता सुझाव राख्नु हुन्छ ?

# सामुदायिक विद्यालयको वित्तीय व्यवस्थापन

परिशिष्ट - ४

अभिभावकको लागि अन्तर्वार्ता प्रश्नावली

विद्यालयको नाम : पेशाः

अभिभावकको नाम : शैक्षिक योग्यता :

१. तपाइ विद्यालय कतिको जानुहुन्छ ? यदि जानुहुन्छ भने किन जानुहुन्छ ?

२. विद्यालयको लागि आर्थिक स्रोत संकलन कार्यमा सहयोग गर्नुभएको छ ?

३. विद्यालयमा आर्थिक स्रोत व्यवस्थापन पक्ष प्रति तपाई सन्तुष्ट हुनुहुन्छ ? यदि हुनुहुन्छ/ हुनुहुदैन भने किन ?

४. विद्यालयको आम्दानी खर्च हिसाव बारेमा के धारणा छ ?

५. विद्यालयको आर्थिक व्यवस्थापन पारदर्शि छ ? यसमा तपाइको धारणा के छ ?

६. सरकारले दिएको अनुदान रकम बारेमा तपाइ के भन्नु हुन्छ ?

७. विद्यालयलाई सरकारले दिएको भन्दा बाहिरबाट के कस्ता स्रोतबाट रकम आएको थाहा छ ?

# सामुदायिक विद्यालयको वित्तीय व्यवस्थापन

परिशिष्ट - ५

शिक्षक अभिभावक संघको लागि अन्तर्वार्ता प्रश्नावली

विद्यालयको नाम : पेशाः

शि.अ.सं. पदाधिकारीको नाम : पद :

१. विद्यालयको आर्थिक व्यवस्थापनलाई कसरी हेर्नु भएको छ ?

२. समुदाय र विद्यालय बीचको सम्बन्धमा तपाइको भूमिका कस्तो छ ?

३. विद्यालयको आर्थिक स्रोत व्यवस्थापनका पक्षमा देखिएका समस्याहरु के के हुन् ?

४. यस विद्यालयका आर्थिक स्रोत व्यवस्थापनका पक्षमा देखिएका समस्याहरु के के हुन्?

५. उपर्युक्त समस्या समाधान गर्न के गर्नुपर्ला ?

६. विद्यालयको आर्थिक गतिविधि पारदर्शी छ ?

७. विद्यालयको आर्थिक स्रोत व्यवस्थापनलाई प्रभावकारी बनाउन के गर्नुपर्ला ?

८. विद्यालयको आर्थिक स्रोत व्यवस्थापनलाई प्रभावकारी बनाउन शिक्षक अभिभावक संघको भूमिका कस्तो छ ?

# सामुदायिक विद्यालयको वित्तीय व्यवस्थापन

परिशिष्ट - ६

समूह छलफल मार्ग निर्देशिका

विद्यालयको आर्थिक स्रोत संकलन र परिचालनमा सरोकारवालाको सहभागिता

आर्थिक व्यवस्थापनका समस्या र कारणहरु

आर्थिक स्रोत व्यवस्थापनका समस्या समाधान गर्नुपर्ने कार्यहरु

विद्यालयको आर्थिक स्रोत व्यवस्थापनका सकारात्मक पक्षहरु

# सामुदायिक विद्यालयको वित्तीय व्यवस्थापन

परिशिष्ट -७

विद्यालय सर्वेक्षण फारम

विद्यालयको नाम :
स्थापित साल :
वित्तीय स्रोत संकलन

| विवरण | आ.व. २०६७/०६८ | आ.व. २०६८/०६९ |
|---|---|---|
| सरकारी अनुदान | | |
| शिक्षक तलब भत्ता | | |
| प्रशासनिक खर्च | | |
| मसलन्द खर्च | | |
| पाठ्यपुस्तक | | |
| भौतिक पूर्वाधार | | |
| सघन कार्यक्रममा परेमा पहुँचको आधारमा अनुदान | | |
| उपलब्धीको आधारमा अनुदान | | |
| प्रोत्साहन अनुदान | | |
| राहत अनुदान | | |
| छात्रवृत्ति | | |
| दलित छात्रवृत्ति | | |
| अपाङ्ग छात्रवृत्ति | | |
| ५०% छात्रावृत्ति | | |
| अन्य छात्रवृत्ति | | |
| विद्यालयको आन्तरिक स्रोत | | |
| गेर सरकारी संघ संस्थाबाट सहयोग | | |
| स्थानीय निकाय गा.वि.स.बाट सहयोग | | |
| समुदायबाट चन्दादान र अन्य | | |
| जम्मा | | |

# सामुदायिक विद्यालयको वित्तीय व्यवस्थापन

परिशिष्ट -८

विद्यालय सर्वेक्षण फारम

संकलित स्रोतको उपयोग/खर्च

| विवरण | आ.व. २०६७/०६८ | आ.व. २०६८/०६९ |
|---|---|---|
| तलबभत्ता<br>भौतिक निर्माण तथा मर्मत<br>भवन कक्षाकोठा<br>खेलमैदान<br>शौचालय<br>खानेपानी<br>कम्पाण्ड तथा तारबार<br>अन्य<br>शैक्षिक सामग्री<br>पाठ्यपुस्तक<br>परीक्षा संचालन र मूल्याङ्कन<br>छात्रवृत्ति<br>पुरस्कार<br>प्रशासनिक खर्च<br>छपाई पानी विजुली<br>उत्सव, समारोह<br>खेलकुद<br>अतिरिक्त क्रियाकलाप<br>विविध<br>कार्यालय उपकरण तथा औजार | | |
| बचत/घाटा | | |
| जम्मा | | |

# सामुदायिक विद्यालयको वित्तीय व्यवस्थापन

परिशिष्ट - ९

विद्यालय सर्वेक्षण फाराम

जिल्ला ...................... प्रधानाध्यापकको नाम :

विद्यालयको नाम : ......................... ठेगाना :

१. विद्यालयको प्रकार

क. सामुदायिक ( )

ख. अनुदान प्राप्त ( )

२. विद्यालयले अनुमति वा स्वीकृति लिएको

स्वीकृत तह स्वीकृत मिति अनुमति

क. विद्यालयको भौतिक पक्ष

१. विद्यालयको स्वमित्वमा रहेको जग्गा ................ रोपनी

२. भवनले ओगटेको क्षेत्रफल ......................

३. भवनको प्रकार

४. कच्ची .............., पक्की .............., नीजि ............., बहाल ........ अन्य

५. कक्षाकोठा संख्या .............

६. कक्षाकोठाको उपयुक्तता

अति राम्रो ..........., राम्रो ............, सामान्य ............., कमसल ............

ख. विद्यालयको आर्थिक पक्ष :

१. विद्यालयको आयस्रोत ........................

क. अनुदान (नेपाल सरकारबाट) रु. ...................

ख. अनुदान (स्थानीय स्रोतबाट) रु. ...................

ग. शुल्कबाट रु. ...................

घ. दान, वकस र चन्दाबाट रु. ..................

ङ. विद्यालयको सम्पतिबाट रु ...................

च. गैरसरकारी संस्थाबाट रु. ................

छ. अन्यबाट रु. ...................

जम्मा एक वर्षको रु. .................

२. विद्यालयको गतवर्ष गरिएका खर्चका क्षेत्रहरु

क. प्रशासनिक खर्च रु. ....................

ख. शैक्षणिक खर्च रु. .....................

ग. भौतिक निर्माण/मर्मत संभार रु. ....................

घ. अन्य खर्च रु. .......................

३. आयस्रोतले विद्यालयले खर्च पूरा गर्न सक्तछ ................

४. लेखा परिक्षण भए/नभएको ......................

५. सामाजिक परिक्षण भए/नभएको ...............

६. विद्यालयले विद्यालयको बजेट तथा लेखा जोखा परिक्षण सार्वजनिक गरे/नगरेको .........

ग. शिक्षक विवरण :

अ. स्वीकृत शिक्षक दरवन्दी : .......... आ. नीजि स्रोत र राहत शिक्षक दरवन्दी ...

घ. विद्यालय अभिलेख

१. विद्यालयको आर्थिक कागजातहरु व्यवस्थित तवरले राखे/नराखेको ..................

२. विद्यालयमा व्यवस्थापन समिति गठन भए/नभएको ...................

३. शिक्षक अभिभावक संघ गठन भए नभएको ........................

४. लेखा समिति भए नभएको ............................

५. वार्षीक रुपमा अभिभावक भेला नभएको ...............